# यौन उत्पीडन, शोषण र दुर्व्यवहार रोकथाम (PSHEA) प्रशिक्षण कार्यपुस्तिका















CARE ACADEMY
यौन उत्पीडन, शोषण र दुर्व्यवहार रोकथाम (PSHEA) कार्यक्रम

# विषय सूची


**परिचय** ........ ४

**सत्र १: यौन उत्पीडन, शोषण र दुर्व्यवहार (PSHEA) रोकथाम सम्बन्धि नितिको परिचय** ........ **५**

यी हुन् राधा ........ ६

परिचय ........ ८

केही समाचारहरु ........ ९

एक आवश्यक संवाद ........ ११

एक अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था ........ १२

CARE ले आत्मसाथ गरेको संवाद ........ १३

एक व्यक्तिगत संवाद ........ १४

रमेशको कथा ........ १५

**सत्र २: यौन उत्पीडन, शोषण र दुर्व्यवहार रोकथाम (PSHEA) के हो?** ........ **१६**

आवश्यक परिभाषाहरु ........ १८

सान्दर्भिक परिभाषाहरू ........ २१

थप आवश्यक परिभाषाहरू ........ २२

सान्दर्भिक परिभाषाहरू ........ २५

प्रियाको कथाको समीक्षा ........ २६

प्रियाको कथाको व्याख्या ........ २७

निष्कर्ष ........ २८

**सत्र ३: व्यवहारको निरन्तरता** ........ **२९**

व्यवहारको निरन्तरता ........ ३०

थप परिदृश्यहरू ........ ३४

ईशा र सन्तोष ........ ३४

अमर र अदिती ........ ३५

दिनेश र लुना ........ ३६

बिजय र सबीता ........ ३७

व्यवहारको निरन्तरता – उत्तरहरु ........ ३८

छुट्याउन नसकिने व्यवहारको वर्गीकरण ........ ३९
छुट्याउन नसकिने परिस्थितिको वर्गीकरण ........ ४०
निष्कर्ष ........ ४१
**सत्र ४: कहिले रिपोर्ट गर्ने ........ ४२**
परिचय ........ ४३
यदि तपाई केहि देख्नुहुन्छ भने, केहि भन्नुहोस् ........ ४३
लुना र दिनेश ........ ४४
नीना, सन्तोष र ईशा ........ ४५
निना के सोच्दै छिन्? ........ ४७
तपाईले रिपोर्ट गर्दा के हुन्छ ........ ४८
कहाँ रिपोर्ट गर्ने ........ ४९
अनुसन्धान प्रक्रिया ........ ५०
रिपोर्ट पछि ........ ५१
निष्कर्ष ........ ५२
**सत्र ५: PSHEA मा तपाईको भूमिका ........ ५३**
बिजय वास्तवमा के गर्दै छन् ? ........ ५४
वास्तविकता ........ ५६
CARE मा संलग्न व्यक्तिहरु ........ ५७
असंतुलित शक्ति विभाजन ........ ५७
आफूबाट शुरुवात गर्नुहोस् !! ........ ५८
व्यक्तिगत जिम्मेवारी ........ ५८
सुशीलाले के गर्न सक्थिन्? ........ ५९
प्रभावित व्यक्ति-केन्द्रित दृष्टिकोण ........ ६०
PSHEA लाई प्रतिक्रियामा बदल्नुहोस्। ........ ६१
निष्कर्ष ........ ६१
**सत्र ६: रिपोर्टिंग के कसरी गर्ने तथा प्राय सोधिने प्रश्नहरु ........ ६२**
रिपोर्ट कसरी बुझाउने ........ ६३
PSHEA बारे हाम्रो नीति ........ ६८
प्रायः सोधिने प्रश्नहरु ........ ७१
निष्कर्ष ........ ७३

# परिचय

## CARE यौन उत्पीडन, शोषण र दुर्व्यवहार (PSHEA) रोकथाम प्रशिक्षण कार्यपुस्तिका

CARE का कर्मचारी, CARE सँग सम्बन्धित व्यक्ति, कार्यक्रम सहभागी, साझेदार संस्था तथा समुदायका सदस्यहरूलाई यौन उत्पीडन, शोषण र दुर्व्यवहार (SHEA) बाट जोगाउन र सचेत भएको सुनिश्चित गर्नु महत्त्वपूर्ण छ।

सबै कर्मचारी र सम्बन्धित व्यक्तिहरूले CARE को मूल-मान्यताहरू बमोजिम सुरक्षा र संरक्षणको संस्कृति सिर्जना गर्नका लागि आफ्नो कर्तव्य र दायित्वहरू बुझ्नुपर्छ। सम्बन्धित व्यक्ति भन्नाले CARE का साझेदार संस्था, विक्रेता, सल्लाहकार, ठेकेदार, स्वयंसेवक, साझा लागत कर्मचारी, इन्टर्न आदि बुझिन्छ।

PSHEA प्रशिक्षण CARE कर्मचारी तथा सम्बन्धित सबै व्यक्तिहरूका लागि अनिवार्य छ। हामीले यो कार्यपुस्तिका इन्टरनेटको पहुँचमा नभएका र नेपाली माध्यममा सिकाई पूरा गर्न चाहने कर्मचारीहरूका लागि बनाएका छौं। यस प्रशिक्षणलाई उनीहरुले प्राथमिकताको साथ पूरा गर्न आवश्यक छ।

यस कार्यपुस्तिकामा CARE को अनलाइन PSHEA प्रशिक्षणमा भएका सबै सत्रहरु समावेश गरिएको छ र यी सत्रहरुलाई सजिलै स्थानीय भाषामा अनुवाद गर्न मिल्ने गरि बनाइएको छ ।

CARE राष्ट्रिय कार्यलय, PSHEA Focal Point तथा मानव संसाधन (HR) प्रबन्धकहरूले अनलाइन प्रशिक्षण पूरा नगरेका कर्मचारीहरू तथा सम्बन्धित व्यक्तिहरूलाई यो कार्यपुस्तिकामा पहुँच दिइएको सुनिश्चित गर्नुपर्छ। यो प्रशिक्षण व्यक्तिगत रूपमा वा समूहमा पूरा गर्न सकिनेछ। प्रशिक्षण पूरा गरेपछि सो कर्मचारीको नाम CARE नेपालमा दर्ता गरेर प्रशिक्षण पूरा भएको प्रमाणपत्र जारी गर्नुपर्नेछ। प्रत्येक वर्ष जाँच हुने भएकाले प्रशिक्षण पूरा भएको अभिलेख राख्नु पर्नेछ।

यो कार्यपुस्तिका साझेदार संस्थाहरूलाई पनि उपलब्ध गराउन सकिन्छ।

यदि तपाईंका यो कार्यपुस्तिकासँग सम्बन्धित प्रश्नहरू छन् भने कृपया CARE नेपालको PSHEA Focal Point लाई सम्पर्क गर्नुहोस्।

—CARE USA Safeguarding र PSHEA विभाग

# सत्र १: यौन उत्पीडन, शोषण र दुर्व्यवहार (PSHEA) रोकथाम सम्बन्धि नितिको परिचय


# यी हुन् राधा




नमस्कार! तपाईंहरुलाई यस कार्यपुस्तिकामा हार्दिक स्वागत छ। मेरो नाम राधा हो र यस यात्रामा म यहाँहरुको सहायता गर्नेछु। यस महत्वपूर्ण विषयमा प्रवेश गर्नु पूर्व, म यहाँहरु सामु हाम्रो पहिलो संक्षिप्त तथा काल्पनिक कथा पेश गर्न चाहन्छु।

## सीताको कथा

सीता CARE कार्यालयकी एक कार्यक्रम प्रबन्धक हुन्। हालै, सीताले त्यहाँ केही अप्ठेरा परिस्थितिको सामना गर्नु परेको छ। आउनुहोस्, हिजो के भएको रहेछ हेरौं।





सीता आफ्नो सहकर्मीको टिप्पणीबाट असहज, अपमानित र होच्याइएको महसुस गर्छिन् भन्ने स्पष्ट छ। यस्ता व्यवहारमा संलग्न हुनाले लक्षित व्यक्तिका साथै, समग्र कार्यलयको वातावरणमा पनि असर पर्दछ।

यस कार्यपुस्तिकामा, हामी CARE कार्यक्रमका सहभागीहरू तथा कर्मचारीहरूले भोगेका यौन उत्पीडन, शोषण र दुर्व्यवहारका फरक परिदृश्यहरू अन्वेषण गर्नेछौं। साथै, कार्यलयमा यस्ता अवस्थाहरु सिर्जना हुन नदिन तपाईंहरुलाई कसरी सशक्त बनाउन सकिन्छ भन्ने कुरा पनि अन्वेषण गर्नेछौं।



# परिचय

यस कार्यपुस्तिकामा यौन उत्पीडन, शोषण र दुर्व्यवहारको विषय समेटिएको छ। यदि तपाईंले यस्ता घटनाहरु स्वयं अनुभव गर्नुभएको छ वा यस्ता घटनाबाट पिडित कसैलाई चिन्नु भएको छ भने यो सामग्री तपाईको लागि संवेदनशील तथा चुनौतीपूर्ण हुन सक्छ। यो कार्यपुस्तिका हाम्रा कर्मचारी, साझेदार तथा कार्यक्रमका सहभागीहरूमाथि संभावित यौन उत्पीडन, शोषण र दुर्व्यवहारका घटनाहरु रोक्न र सशक्तिकरण गर्ने उद्देश्यले तयार गरिएको हो।

यस यात्रामा तपाईंले स्वयं भोगेका वा प्रत्यक्षदर्शीको रुपमा अनुभव गरेका व्यवहारहरुको पहिचान गर्नसक्नु हुनेछ। यस सामग्रीले त्यस्ता व्यवहारहरु पहिचान गरि तिनलाई रिपोर्ट गरेर आफू र आफ्ना सहकर्मीका लागि सुरक्षित वातावरण सिर्जना गर्न मद्दत गर्नेछ ।

# केही समाचारहरु

वास्तवमा, यौन उत्पीडन, शोषण, र दुर्व्यवहारका घटनाहरू हाम्रो क्षेत्रमा पनि हुने गरेको हुँदा, यसले विश्वव्यापी संचारमाध्यमको पनि ध्यानाकर्षण भएको छ। यस विषयमा थप जान्नको लागि तलका समाचारका अंशहरू पढ्नुहोस्।

## सेभ द चिल्ड्रेनमा यौन उत्पीडनको अप्रिय घटना

सेभ द चिल्ड्रेन युकेका प्रमुख कार्यकारी अधिकृत र नीति तथा वकालत विभागका निर्देशक माथि २०१५ मा कैयौँ महिला सहकर्मीहरूलाई यौन उत्पीडन गरेको आरोप लगाइयो। फलस्वरूप, दुबै उच्चपदस्थ कर्मचारीले सेभ द चिल्ड्रेन छोडे। तथापी सो मध्ये १ लाई UNICEF ले एक उच्च पदमा बहाली गरेको पाइयो। Charity Commission को २०१८ को छानबिनले सेभ द चिल्ड्रेनले यौन उत्पीडनको दाबीको "पूर्ण हद र प्रकृतिलाई" पर्याप्त रूपमा रिपोर्ट नगरेको र यस घटनाको थप छानबिन नगरेको विषयमा प्रश्न उठेको थियो।

यो एक सामाजिक सहयोगी संस्थाले आफ्ना कर्मचारीमाथि भएको यौन उत्पीडनलाई ढाकछोप गरेको गम्भीर घटना हो। फलस्वरूप सेभ द चिल्ड्रेनले आफ्ना कार्यहरुमाथि थप छानबिन तथा स्वेक्षिक रुपमा २०१८ मा DFID को नयाँ अनुदान माग गरेको निवेदन फिर्ता लिनु जस्ता प्रतिकूल परिणाम भोग्नुपर्यो।

थप जानकारीका लागि: https://www.devex.com/news/save-the-children-suspends-dfid-bidding-amid-sexual- misconduct-scandal-92634

## Oxfam मा भएको यौन दुर्व्यवहारले थप प्रश्न खडा गरेको छ

Oxfam GB को यौन दुर्व्यवहार घटनाले हालैका वर्षहरूमा सहायता क्षेत्रमा नकारात्मक वातावरण सिर्जना भएको छ। सन् २०११ मा Oxfam ले आफ्ना हाईटीमा कार्यरत निर्देशक सहित उच्चपदस्त कर्मचारी माथि कथित शोषण र धम्कीको आरोपमा भएको छानबिनको आन्तरिक प्रतिवेदन तयार गरको थियो। त्यस प्रतिवेदनमा हाइटीमा २०१० को भूकम्पपछि मानवीय सहायताको क्रममा Oxfam का कर्मचारीले यौनकालागि हाइटियन महिलाहरूलाई पैसा तिरेको लगायत धेरै आरोपहरू थिए। Oxfam को २००६ को प्रशिक्षण पुस्तिकाले कर्मचारीको नागरिक स्वतन्त्रताको उल्लङ्घन हुने भन्दै, यस्ता क्रियाकलापलाई प्रतिबन्ध लगाएको थिएन। तत्पश्चात Oxfam ले आफ्नो आचारसंहिता अद्यावधिक गर्दै, पैसा तिरेर यौनक्रियाकलापमा संलग्न हुन निषेध गरेको बताएको छ।

Oxfam ले माफी मागी आफ्ना नीतिहरू परिमार्जन गर्न आवश्यक कदमहरु चालेता पनि, धेरै मानिसहरूले यो प्रतिक्रिया अझै द्रुत र व्यापक हुनसक्ने मानेका थिए। वास्तवमा, यो घटनाले बेलायतको Charity Commission र बेलायतको अनुदान जाँच गर्ने संसदीय समिति अन्तर्गतको अन्तर्राष्ट्रिय विकास समितिको छानबिनलाई गति दियो।

थप जानकारीका लागि: https://www.devex.com/news/exclusive-oxfam-did-not-ban-staff-from-paying-for-sex-until-last-year-93220

## #MeToo अभियानको स्वाभाविक गन्तव्य

के तपाईलाई थाहा छ, #MeToo आन्दोलन एक दशक भन्दा पुरानो हो? के अब यसको अर्को गन्तव्य बारे सोच्ने समय हो त? सामाजिक सञ्जालको #MeToo नारा अमेरिकी अभियन्ता तराना बुर्कले सन् २००६ मा यौन उत्पीडन भोगेका पीडितहरूप्रति ऐक्यबद्धता जनाउन सिर्जना गरेकी थिइन्।

२०१७मा जब हलिउड चलचित्र उद्योगका सेलिब्रेटीहरू माथि यौन दुर्व्यवहारको आरोप लागेको थियो, फेसबुकमा १.२ करोड भन्दा बढी पोस्टहरू सहित एकै दिनमा यो नारा भाइरल भयो। तत्पश्चात् विश्वभर ८० भन्दा बढी देशहरूमा यो नारा प्रयोग गरिएको छ।

हलिउडका धनी गोरा समुदायका महिलाहरूसँग प्रायःसम्बद्ध गरिए तापनि, पछिल्ला वर्षहरुमा विश्वका धेरै संस्कृति र क्षेत्रहरूका महिलाका कथाहरूलाई #MeToo ले उजागर गरेको छ।

यद्यपि, अझै धेरै गर्न बाँकी रहेको महिला अधिकारकर्मीहरू बताउँछन्। नयाँ दिल्लीको सेन्टर फर सोशल रिसर्चकी निर्देशक रञ्जना कुमारी #Metoo आन्दोलन बारे भन्छिन् "कसैको खेतमा काम गर्ने गाउँकी महिलाको स्तरमा आउनु पर्छ ... ठेकेदारबाट शोषण गरिएका निर्माण उद्योग वा सडक निर्माणमा काम खोज्ने मजदुर महिलासम्म।"

**"शोषण" भन्नाले अरूले छुने, अपशब्द प्रयोग गर्ने, नचाहेको यौनजनक सम्पर्क गर्न खोज्ने जस्ता कार्यलाई बुझ्न सकिन्छ।**

**रोचक तथ्य:** सन् १९६४ मा संयुक्त राज्य अमेरिकामा नागरिक अधिकार ऐनले भेदभावलाई गैरकानूनी ठहराएको थियो। दुई दशक पश्चात् १९८६मा, संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले प्रतिकूल कार्यलय वातावरण तथा दुर्व्यवहारलाई मान्यता दिएर थप जन सुरक्षा सुनिश्चित गरेको थियो। **Meritor Savings Bank vs Vinson**, मा एक महिलाले जागिर खोसिने डरले आफ्नो हाकिम सँग यौन सम्बन्ध राखेको खुलेको थियो। यस मुद्दामा, अदालतले **Meritor Savings Bank** (रोजगार दाता) लाई, आफ्नो कर्मचारी प्रति भएको कुनै यौन दुर्व्यवहारको जानकारी भएमा रोजगारदाताले स्वयं कारवाही गर्नुपर्ने फैसला गरेको थियो।

### के तपाइँको कार्यस्थलको वातावरण प्रतिकूल छ?

के तपाईंलाई थाहा छ? प्रतिकूल कार्यस्थल वातावरण सिर्जना गर्न केवल एक अनुपयुक्त टिप्पणी पर्याप्त हुन सक्छ। निम्न अवस्थाहरूको बारेमा विचार गर्नुहोस् :

- एक सहकर्मीले अर्को सहकर्मीसँग तपाईको बारेमा यौनजन्य टिप्पणी गर्दछ
- एक प्रबन्धकले अर्को प्रबन्धकसंग अश्लील यौन पूर्वाग्रह युक्त ठट्टा गर्दछ
- एक सहकर्मीले अर्को सहकर्मीलाई अस्वाभाविक रुपमा हेरेर अश्लील इशारा वा हाउभाउ गर्दछ

# एक आवश्यक संवाद

यौन उत्पीडन, शोषण र दुर्व्यवहारका घटना विश्वव्यापी विषय भएको कुरा तपाईहरूले भर्खरै पढ्नु भएका समाचारका अंशहरूबाट प्रष्ट छन् ।

टाढाबाट यस्ता विषयलाई सम्बोधन गर्न जति सजिलो हुन्छ, आफ्नै समुदाय, कार्यस्थल, क्षेत्र वा सामाजिक सञ्जालमा आई पर्दा यसको सम्बोधन त्यति नै कठिन हुन्छ।

**यौन उत्पीडन, शोषण र दुर्व्यवहार जहाँ पनि र जसलाई पनि हुन सक्छ। यौन उत्पीडन, शोषण र दुर्व्यवहारका घटनाहरू बढ्दो मात्रामा रिपोर्ट भइरहेका छन् ।**

अरूले यस विषयलाई कसरी सम्बोधन गरेका छन् त? आउनुहोस् हेरौं।

# एक अन्तर्राष्ट्रिय गैर-सरकारी संस्था

हालसालै यस क्षेत्रमा प्रकाशमा आएका केही प्रमुख घटनाहरूका कारण यस संवादलाई अन्तर्राष्ट्रिय गैर-सरकारी संस्थाहरूले प्राथमिकता दिए सँगै बेलायत सरकारले एक विस्तृत छानबिनको थालनी गर्यो। हाइटीमा भएको Oxfam काण्डको परिणाम स्वरूप प्रकाशित एउटा प्रमुख सरकारी प्रतिवेदनले अन्तर्राष्ट्रिय सहायता क्षेत्रमा यौन उत्पीडन, शोषण र दुर्व्यवहारले विकराल रूप लिई सकेको निष्कर्ष निकालेको छ। यसले यी संस्थाको नेतृत्वले यो समस्यालाई गम्भीर रूपमा नलिएर तटष्थता अपनाएको प्रस्ट पार्दछ।

यस वास्तविकताले यो समस्याको समाधानको लागी ठोस कदमको आवश्यकतालाई उजागर गरेको छ। २०१८ मा १०० भन्दा बढी संस्थाहरूले आफ्नो संस्था र सञ्चालन क्षेत्रमा यौन दुर्व्यवहार उन्मूलन गर्न InterAction प्रतिज्ञामा हस्ताक्षर गरे। यस कटु सत्यको सामना गरेसँगै, उनीहरूले यसका विरुद्ध ठोस कदम चाल्ने चुनौतीलाई स्वीकार गरेका छन्। यस अन्तर्गत विद्यमान अभ्यास र नीतिहरूको सुदृढीकरण र नयाँ अभ्यास र नीतिहरूको निर्माण र कार्यान्वयन गर्दै आफ्ना कर्मचारी तथा लाभार्थीको सुरक्षा सुनिश्चित गर्न संस्थाहरू प्रतिबद्ध छन्।



# CARE ले आत्मसाथ गरेको संवाद

यो CARE को संवाद पनि हो। हामी हरेक व्यक्तिको मर्यादाको सुरक्षा प्रति आफ्नो अटल प्रतिबद्धताका लागि परिचित छौं। तसर्थ, हामी यस क्षेत्र-व्यापी मुद्दामा तटष्थता अपनाएर आफ्ना प्रतिक्रियाहरू प्रति सन्तुष्ट हुन सक्दैनौं।

CARE मा कार्यरत कर्मचारी तथा CARE संलग्न भएको समुदायहरू यौन उत्पीडन, शोषण र दुर्व्यवहारबाट मुक्त हुनेमा विश्वस्त छन्। यस कारण हामीले पीडितको आवश्यकताहरूलाई प्राथमिकता दिँदै यस विरुद्ध पहल गर्न जरुरी छ ।

## शुरुवात हामीबाट!

सर्वप्रथम हामीले आफ्नो कार्यलाई संस्थाको धेय, उद्देश्य र मूल्य मान्यतासँग पङ्क्तिबद्ध गर्नु पर्दछ।

हामी हाम्रो मूल्य तथा मान्यताहरूलाई जिवन्त तुल्याउन प्रतिबद्ध छौं।

हामी यी लक्ष्यहरू पूरा गर्न र हामीले सेवा गर्ने जोखिममा रहेका समुदायको रक्षा गर्न अथक प्रयास गर्छौं, तर CARE आफैमा यौन उत्पीडन, शोषण र दुर्व्यवहारबाट मुक्त छैन। हामी रिपोर्टिङलाई प्रोत्साहन गर्छौं, र हामी रिपोर्टहरूमा माथि उपयुक्त प्रतिक्रिया दिन्छौं। आफ्ना लाभार्थीहरुको सुरक्षा सुनिश्चित गर्न हामी सतर्क र सचेत रहनुपर्छ।

यस प्रतिबद्धतामा हामी सबै समावेश छौं, र हामी सबैसँग प्रतिक्रिया जनाउने शक्ति छ। हामीले हाम्रो कार्यस्थल कर्मचारी र सम्बन्धित व्यक्तिहरू, हामीले सेवा गर्ने समुदायहरू र हाम्रा कार्यक्रमका सहभागीहरूका लागि सुरक्षित रहेको सुनिश्चित गर्न आवश्यक छ।



# एक व्यक्तिगत संवाद

यस खण्डमा तपाईंले गर्न सक्ने योगदानहरूको बारेमा चर्चा गरौं। आफैसित प्रश्न गरौं। "के मेरो यस विषय (SHEA) सँग कुनै सम्बन्ध छ? "के मसँग यस विषयमा प्रतिक्रिया जनाउने क्षमता छ? र "के यस्ता घटना रिपोर्ट गर्नु मेरो दायित्व हो?" तल दिइएका वाक्यांशलाई विश्लेषण गरेर आफ्नो दृष्टिकोणको प्रतिनिधित्व गर्ने उत्तर छान्नुहोस्।

असहमत | केही हद सम्म असहमत | तटष्थ | केही हद सम्म सहमत | सहमत

**यौन उत्पीडन, शोषण,र दुर्व्यवहार (PSHEA) को रोकथाम मेरो लागि महत्त्वपूर्ण छ।**

**यौन उत्पीडन, शोषण, र दुर्व्यवहार (PSHEA) को रोकथाममा सबैको संलग्नता आवश्यक छ।**

**मैले देखेका, सुनेका वा अनुभव गरेका यौन उत्पीडन, शोषण र दुर्व्यवहारका घटनाहरू रिपोर्ट गर्न म जिम्मेवार छु ।**

# रमेशको कथा

यस सत्रको सुरुवातमा, हामीले सीताको कथाको बारेमा थाहा पायौ। अब अर्को काल्पनिक कथाको छलफल गरौं। हामीले यौन उत्पीडन रोक्न के गर्न सक्छौं भनेर विचार गर्दागर्दै, यो कथालाई मनन गरौं। कार्यपुस्तिकाको अन्त्यमा, हामी यसलाई नयाँ दृष्टिकोणबाट पुनःअवलोकन गर्नेछौं।

## रमेशको कथा

बिगत ११ वर्ष देखी नेपाली राष्ट्रिय निर्देशकको रुपमा कार्यरत रमेश आफ्नो आकर्षक व्यक्तित्व र यस क्षेत्रको लागि उनको योगदानका लागि परिचित छन्। खुलेर चर्चा नगरिए पनि उनले आफ्नो कार्यालयका महिला कर्मचारीहरु सँग यौनसम्बन्ध राखेको कुरा कार्यलयमा सर्वविदितै छ। रमेशसँग यस्तो सम्बन्ध राख्ने महिला कर्मचारीहरूलाई अन्य महिला कर्मचारी भन्दा उनले राम्रो व्यवहार गरेको सबैले महसुस गरेका छन्।

### के यो सम्भावित यौन दुर्व्यवहार भएको एउटा घटना हो?

यस कार्यपुस्तिकाको बाँकी अवधिमा, तपाईंले यो विषय, कहिले र कसरी रिपोर्ट गर्ने, र यसलाई रोक्नमा तपाईंको भूमिकाको छलफल गर्नुहुनेछ।



# सत्र २: यौन उत्पीडन, शोषण र दुर्व्यवहार रोकथाम (PSHEA) के हो?

# अर्को काल्पनिक कथा बाट सुरू गरौं।

## प्रियाको कथा

आफ्नो राष्ट्रिय निर्देशक र कार्यक्रम सहभागीहरू बीच हाल भइरहेका केही घटनाहरूको प्रिया कुरा गर्दै छिन्।



जीवन विगत पाँच वर्षदेखि CARE मा कार्यरत रहेको र आफ्नो कडा परिश्रम, संस्थाको मिशनप्रतिको प्रतिबद्धता र काम गर्न सक्ने क्षमताका लागि प्रसिद्ध पनि रहेको कुरा प्रियालाई थाहा छ। जीवन यही देशका नागरिक पनि हुन् र यस कारण उनको समुदायमा इज्जत पनि छ।




खुलेर छलफल नगरे पनि, धेरै कर्मचारीहरूले जीवनलाई १८ वर्ष भन्दा कम उमेरका कार्यक्रमका सहभागीहरूलाई उनीहरूको रंगरूपको बारेमा टिप्पणी गरेको देखेका छन्।




प्रियाले जीवनलाई युवा महिला कार्यक्रमका सहभागीहरूलाई "गल्तीले" स्पर्श गरेको र पछि तिनीहरूको शरीरलाई अनुपयुक्त तरीकाले हेरेको पनि देखेकी छिन्।




प्रियाले कार्यक्रमका केही सहभागीहरूले सामुदायिक बैठकहरूमा असहज महसुस गर्छन् तर बोल्न डराउँछन् भनेर सुनेकी छिन्।



यस सत्रमा, हामी यौन उत्पीडन, शोषण, र दुर्व्यवहार (PSHEA) को रोकथामको बारेमा कुरा गर्दा CARE ले प्रयोग गर्ने भाषा अन्वेषण गर्न जाँदैछौं।

# आवश्यक परिभाषाहरु

## Safeguarding र यौन उत्पीडन, शोषण र दुर्व्यवहार रोकथाम (PSHEA)

हाम्रा कर्मचारी, गतिविधि र कार्यक्रमहरूबाट कसैलाई हानि नपुगोस् भनि सुनिश्चित गर्नु हाम्रो सुरक्षण तथा संरक्षण जिम्मेवारी हो। यसको अर्थ जोखिममा रहेका कर्मचारी, कार्यक्रम सहभागी[१] (बालबालिका सहित[२]), र सम्बन्धित व्यक्तिहरूलाई जोखिम र यौन उत्पीडन, शोषण र दुर्व्यवहारबाट संरक्षण गर्नु हो। **यौन उत्पीडन, शोषण र दुर्व्यवहार (PSEA) रोकथाम र बाल संरक्षण (CP)** safeguarding का स्वरूप हुन्।

## यौन उत्पीडन

यौन उत्पीडन भनेको कुनै पनि व्यक्तिद्वारा अर्को व्यक्ति प्रति कुनै पनि अनावश्यक यौन प्रति अग्रसर हुनु, यौनसम्बन्धी टिप्पणी गर्नु, व्यक्त वा अव्यक्त रूपमा यौनको माग गर्नु, ठट्टा गर्नु, इशारा गर्नु वा बोलेर, लेखेर, देखे गरी शारीरिक रूपमा यौनबारे संचार गर्नु वा त्यस्तो व्यवहार देखाउनु हो। यसमा एउटै वा विपरीत लिङ्गका सदस्यहरू प्रति लक्षित यौन उत्पीडन वा यौन झुकावमा आधारित उत्पीडन समावेश हुन्छन्।

यौन उत्पीडन अस्वीकार्य छ र निम्न अवस्थामा गैरकानूनी हुन जान्छः

- यस्तो आचरणलाई स्वीकार गर्नुलाई रोजगारीको निहित वा स्पष्ट शब्दमा शर्त बनाउनु;
- यस्तो आचरणलाई स्वीकार गर्नु वा अस्वीकार गर्नुलाई कुनै पनि रोजगारी सम्बन्धित निर्णयको आधार बनाउनु;
- आचरणले कर्मचारीको कार्यसम्पादन प्रभावित गर्ने गरि अव्यावहारिक रूपमा हस्तक्षेप गर्ने वा धम्कीपूर्ण वा प्रतिकूल वातावरण सिर्जना गर्ने अवस्था बनाउनु;

## यौन शोषण

यौन शोषण भन्नाले जोखिममा रहेका व्यक्तिलाई प्रभावित गरि वा असन्तुलित शक्ति वा विश्वासको दुरुपयोग गर्दै यौन इच्छा पूर्ति गर्नु वा गर्न खोज्नुलाई सम्झनु पर्दछ। यस अन्तर्गत आर्थिक, सामाजिक वा राजनीतिक जस्ता लाभको प्रलोभनमा यौन क्रियामा सहभागी हुनु पर्दछन्। यसलाई "quid pro quo" पनि भन्न सकिन्छ। उदाहरणका लागि कुनै कार्यक्रम प्रबन्धकले कार्यक्रम सहभागीलाई यौन कार्यमा संलग्न हुने शर्तमा खाना सहायता प्रदान गर्नु।

---

[१]**कार्यक्रम सहभागीः** कार्यक्रम सहभागी भन्नाले CARE को आपतकालीन राहत वा विकास कार्यक्रमबाट सहयोग प्राप्त गर्ने व्यक्ति हो। कार्यक्रमका सहभागीहरूलाई सामान्यतया जोखिममा रहेको समुदायका व्यक्ति भनेर बुझिन्छ।

[२]**बालबालिकाः** CARE ले स्थानीय देशको बालबालिकाको परिभाषा भन्दा पृथक रूपमा १८ वर्ष मुनिका सबैलाई बालबालिका भनेर परिभाषित गर्दछ। बालबालिकाले यौन कार्यमा दिएको सहमति मान्य हुँदैन। यो परिभाषा संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि (UNCRC) मा तोकिएको उमेरमा आधारित छ र यो क्षेत्रमा व्यापक रूपमा स्वीकार गरिएको छ।

## यौन दुर्व्यवहार

यौन दुर्व्यवहार भनेको बलपूर्वक वा असमानताको वा प्रभावमा पारेर गरिने यौनजनक प्रकृतिको वास्तविक वा धम्कीपूर्ण शारीरिक दुर्व्यवहार हो। बाल यौन दुर्व्यवहार भनेको पूर्ण रूपमा बुझ्न नसक्ने, शारीरिक र मानसिक रूपमा विकशित नभएका र सहमति जनाउन नसक्ने बालबालिकाको सामाजिक कानून वा समाजले वर्जित गरेका यौन गतिविधिमा संलग्नता हो। यसमा बालबालिकालाई कुनै पनि गैरकानूनी यौन गतिविधिमा संलग्न हुनको लागि जबरजस्ती गर्नु, वेश्यावृत्ति गराउनु, अन्य कानुनी यौन अभ्यासहरूमा बालबालिकाको शोषणात्मक प्रयोग गर्नु वा पोर्नोग्राफी तथा अन्य अश्लील सामग्रीहरूमा बालबालिकाको शोषणात्मक प्रयोग गर्नु समावेश छन्।

बालबालिकालाई अन्य बालबालिकाबाट पनि यौन दुर्व्यवहार हुन सक्छ। भावनात्मक दुर्व्यवहार[३], उपेक्षा[४], र शारीरिक दुर्व्यवहार[५] दुर्व्यवहारका अन्य रूपहरू हुन्।

## PSHEA Focal Point

PSHEA Focal Point (FP) भन्नाले कर्मचारीहरूलाई यौन उत्पीडन, शोषण र दुर्व्यवहार रिपोर्ट गर्न मद्दत गर्न नियुक्त गरिएको व्यक्ति हो। PSHEA Focal Point ले रिपोर्टहरू सही तरिकाले गरिएको, उपयुक्त र संवेदनशील तरीकाले व्यवस्थापन गरिएको र पिडितहरुलाई आवश्यक जानकारी प्रदान गरिएको सुनिश्चित गर्दछन्। PSHEA Focal Point ले PSHEA को रिपोर्टहरूको अनुसन्धान भने गर्दैनन्। सबै अनुसन्धानहरू एक निष्पक्ष र प्रशिक्षित PSHEA अनुसन्धान कर्ताले गर्छन्।[६]

PSHEA Focal Point ले राष्ट्रिय कार्यालय (CO) स्तरमा PSHEA बारे जागरूकता बढाउने काम गर्छन्। साथै PSHEA Focal Point ले राष्ट्रिय कार्यालय निर्देशक (CD) र Safeguarding र PSHEA टोलीलाई PSHEA सम्बन्धित आवश्यक सहायता दिन्छन्। यद्यपि, CO मा PSHEA सम्बन्धी व्यवस्थापन जिम्मेवारी भने CD को रहनेछ।

[३]भावनात्मक दुर्व्यवहारको बाहिरी संकेतहरू नहुने हुँदा, यसको पहिचान गर्न कठिन हुने गर्छ। सामान्यतया भावनात्मक दुर्व्यवहार चिच्याउनु, निरन्तर आलोचना गर्नु, वा धम्कीपूर्ण भाषा प्रयोग गर्नु जस्ता मौखिक अभिव्यक्तिहरु हुन्। यसले आत्म-सम्मान र आत्म-मूल्यलाई नोक्सान पुर्‍याउन सक्छ।

[४]उपेक्षा पहिचान गर्न कठिन छ। बालबालिकासँग पर्याप्त खाना, आवास, कपडा, वा स्वास्थ्य सेवा उपलब्ध नहुँदा उपेक्षा भएको मानिन्छ। भावनात्मक उपेक्षा आमाबाबुले पर्याप्त भावनात्मक समर्थन प्रदान नगर्दा वा बालबालिकालाई कम ध्यान दिँदा सिर्जना हुन्छ।

[५]शारीरिक दुर्व्यवहार सबैभन्दा सजिलै चिन्न सकिने दुर्व्यवहारको रूप हो। हिर्काउने, हल्लाउने, जलाउने, चिमोट्ने, टोक्ने, हान्ने, पिट्ने, फाल्ने, र शारीरिक चोटपटक लाग्ने र चिन्ह छोड्ने वा शारीरिक दुःख हुने गरि गरिएको अन्य दुर्व्यवहार यसका उदाहरण हुन्।

[६]PSHEA अनुसन्धान कर्ता भन्नाले CARE का कर्मचारी हुन्, जसले SHEA (Sexually Harassed, Exploited or Abused) को रिपोर्टहरूलाई संवेदनशील रूपमा गोपनीयता कायम राख्दै र पिडित केन्द्रित दृष्टिकोणका साथ अनुसन्धान गर्ने गहन प्रशिक्षण प्राप्त गरेका छन् ।

## प्रभावित व्यक्ति

प्रभावित व्यक्ति भन्नाले यौन उत्पीडन, शोषण वा दुर्व्यवहार (SHEA) भोगेको व्यक्ति हो। "प्रभावित व्यक्ति" शब्दले घटनाको प्रतिकूल असरबाट माथि उठ्दै त्यसको बिरुद्ध दृढ निश्चयका साथ आवाज उठाउन सक्षम एक शक्तिशाली व्यक्तिलाई जनाउँदछ। "पीडित" शब्दले केवल कुनै नकारात्मक कार्यको सिकार भएको व्यक्तिलाई मात्र जनाउँछ। यद्यपि, यसको प्रयोजन कुनै व्यक्तिको गरिमालाई ठेस पुर्याउनु भने होइन।

यौन उत्पीडन, शोषण, र दुर्व्यवहार विरुद्धको हाम्रो प्रतिक्रिया प्रभावित व्यक्ति-केन्द्रित रहेको सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं। प्रभावित व्यक्ति-केन्द्रित हुनुको अर्थ प्रभावित व्यक्ति[७] को आवश्यकता, ईच्क्षा र चाहनाले कारवाही तथा अनुसन्धान प्रतिक्रियाको प्रक्रिया र पद्धतिको मार्गदर्शन गर्नु हो। प्रभावित व्यक्ति-केन्द्रित दृष्टिकोणको प्रयोगले रिपोर्ट[८] माथि प्रतिक्रिया गर्दा, सो प्रक्रिया पूर्वाग्रहमुक्त हुन्छ र पूर्वनिर्धारित हुँदैन। प्रक्रियाको प्रत्येक चरणमा गोपनीयता[९] र सहमतिलाई प्राथमिकता दिइन्छ।

[७] **प्रभावित व्यक्तिः** १८ वर्ष भन्दा कम उमेरको भएको खण्डमा यसलाई बाल दुर्व्यवहारको रूपमा परिभाषित गरेर अधिकारीहरूलाई रिपोर्ट गर्नुपर्छ।

[८] **रिपोर्टः** रिपोर्ट भन्नाले SHEA को प्रभावित व्यक्ति वा SHEA को प्रत्यक्षदर्शीले SHEA लाई रोक्न र सबैका लागि सुरक्षित वातावरणलाई सिर्जना गर्नको निम्ति पेश गरेको रिपोर्टलाई बुझिन्छ।

[९] **गोपनीयताः** गोपनियतालाई सम्पूर्ण अनुसन्धान प्रक्रियामा कायम राख्ने प्रयास गरिन्छ। जानकारीहरु सीमित अख्तियार प्राप्त व्यक्तिहरूलाई मात्र उपलब्ध गराइन्छ।

[१०] **बालबालिका** : CARE ले स्थानीय देशको बालबालिकाको परिभाषा भन्दा पृथक रुपमा १८ वर्ष मुनिका सबैलाई बालबालिका भनेर परिभाषित गर्दछ। बालबालिकाले यौन कार्यमा दिएको सहमति मान्य हुँदैन। यो परिभाषा संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि (UNCRC) मा तोकिएको उमेरमा आधारित छ र यो क्षेत्रमा व्यापक रूपमा स्वीकार गरिएको छ।

# सान्दर्भिक परिभाषाहरू

अब तपाईंले केही उपयुक्त शब्दहरु बुझ्नुभएको छ। अब ती शब्दहरूलाई भाषागत प्रयोग गर्ने अभ्यास गरौं। सहि शब्द छानी खाली ठाउँहरू भर्नुहोस्।

## शब्द कोषः

Safeguarding र PSHEA

यौन उत्पीडन

यौन शोषण

यौन दुर्व्यवहार

PSHEA Focal Point

प्रभावित व्यक्ति

हाम्रा कर्मचारी, गतिविधि र कार्यक्रमहरूबाट कसैलाई हानि नपुगोस् भनि सुनिश्चित गर्नु हाम्रो ________________जिम्मेवारी हो।

__________________ भनेको कुनै पनि व्यक्तिद्वारा अर्को व्यक्तिलाई कुनै पनि अनावश्यक यौन प्रति अग्रसर हुनु, यौनसम्बन्धी टिप्पणी गर्नु, व्यक्त वा अव्यक्त रूपमा यौनको माग गर्नु, ठट्टा गर्नु, ईशारा गर्नु वा बोलेर, लेखेर, देखे गरी शारीरिक रूपमा यौनबारे संचार गर्नु वा त्यस्तो व्यवहार देखाउनु हो।

___________________भन्नाले जोखिममा रहेका व्यक्तिलाई प्रभावित गरि वा असन्तुलित शक्ति वा विश्वासको दुरुपयोग गर्दै यौन इच्छा पूर्ति गर्नु वा गर्न खोज्नुलाई सम्झनु पर्दछ।

___________________भनेको बलपूर्वक वा असमानताको वा प्रभावमा पारेर गरिने यौनजनक प्रकृतिको वास्तविक वा धम्कीपूर्ण शारीरिक दुर्व्यवहार हो।

____________________ले रिपोर्टहरू सही तरिकाले गरिएको, उपयुक्त र संवेदनशील तरीकाले व्यवस्थापन गरिएको र पिडितहरुलाई आवश्यक जानकारी प्रदान गरिएको सुनिश्चित गर्दछन्।

यौन उत्पीडन, शोषण, र दुर्व्यवहार विरुद्धको हाम्रो प्रतिक्रिया ___________________-केन्द्रित छ भन्ने सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं।

यी शब्दहरुलाई उपयुक्त ढंगले प्रयोग गर्न सिकेपछि तपाई आफू र आफ्ना वरि परिका व्यक्तिहरू लाई सशक्त बनाउन सक्नु हुनेछ।

# थप आवश्यक परिभाषाहरू

यहाँ Safeguarding को बारेमा छलफल गर्दा प्रयोग गरिने अन्य शब्दहरु राखिएका छन्। यी शब्दहरुलाई समीक्षा गर्न चाहिने जति समय लिनुहोस्। तपाइँ यी परिभाषाहरूलाई अर्को गतिविधिमा प्रयोग गर्नुहुनेछ।

## Grooming

बालबालिकाहरु प्रति यौन रुचि भएका व्यक्तिहरूले उनीहरुलाई यौन दुर्व्यवहारको लागि तयार पार्न प्रयोग गर्ने प्रक्रियालाई grooming भनिन्छ। प्रायः यो योजनाबद्ध र सावधानीपूर्वक गरिने प्रक्रिया हो जसमा कैयौ हप्ता, महिना वा वर्ष नै पनि बित्न सक्छन्। grooming भनेको पिडितलाई अपराधीसँग यौनसम्पर्क राख्नु सामान्य हो वा प्रभावित व्यक्तिसँग कुनै विकल्प छैन भनेर सोच्न बाध्य पार्नू हो। यस्ता अपराधीहरूले पिडितसँग भावनात्मक सम्बन्ध निर्माण गरेर यस कार्यलाई पूर्णता दिन्छन्। र, यस्ता व्यक्तिहरु प्रायः जोखिममा रहेका समुदायको निकट हुने गरि कार्यस्थलहरुमा आबद्ध हुन्छन्।

Grooming को सबैभन्दा नकारात्मक पक्ष भनेको यसमा नितान्त नकारात्मक मनसायलाई सकारात्मक सम्बन्धहरूको आवरण दिनु हो। यसकारण प्रभावित व्यक्तिहरूमा अविश्वास उत्पन्न हुन जान्छ जसका कारण, उनीहरू आफ्ना हितैषीलाई पनि विश्वास गर्न सक्दैनन्।

Grooming प्रत्यक्ष भेटेर वा अनलाइन रुपमा हुन सक्छ। grooming वयस्कहरू माथि पनि हुन सक्छ।

## वैवाहिक अधिकार र सहमति

केही देशहरूले विवाहित व्यक्तिहरुले आफ्नो वैवाहिक सम्बन्ध भएका व्यक्तिको सहमति बिना यौन सम्बन्ध राख्नुलाई कानून संगत मान्दछन्। यसलाई वैवाहिक अधिकार मानिन्छ।

यद्यपि, CARE ले यौन सम्पर्क गर्नु अघि सधैं सहमति आवश्यक रहेको मान्दछ।यदि सहमति दिइएन वा दिन नसकिएको अवस्थामा[१२] यौन सम्पर्क भयो भने यसलाई यौन दुर्व्यवहार वा बलात्कार मानिन्छ। यस्ता गतिविधिलाई गम्भीर आपराधिक कार्य मानिन्छ।

सहमति छ भनि अनुमान गर्न सकिँदैन। "होइन" शब्दको प्रयोग नहुनुले सहमति छ भन्ने जनाउदैन। यस विषयमा खुला संवाद महत्वपूर्ण हुँदा कुनै शंका भएको खण्डमा प्रष्ट सोध्नुहोस्।

---

[११]**बालबालिका**ः : CARE ले स्थानीय देशको बालबालिकाको परिभाषा भन्दा पृथक रूपमा १८ वर्ष मुनिका सबैलाई बालबालिका भनेर परिभाषित गर्दछ। बालबालिकाले यौन कार्यमा दिएको सहमति मान्य हुँदैन। यो परिभाषा संयुक्त राष्ट्र संघको बाल अधिकार महासन्धि (UNCRC) मा तोकिएको उमेरमा आधारित छ र यो क्षेत्रमा व्यापक रूपमा स्वीकार गरिएको छ।

[१२]**बालबालिका** द्वारा दिइएको सहमति मान्य हुँदैन।

## बाल यौन दुर्व्यवहारका तस्बिरहरू

बाल यौन दुर्व्यवहारका तस्बिरहरू भन्नाले कुनै पनि स्पष्ट यौनजनक दृश्य चित्रण वा प्रदर्शन गरिएको बालबालिकाको तस्विरलाई बुझ्नुपर्छ। बाल यौन दुर्व्यवहारका तस्बिरहरू एक पीडित-विहीन अपराध नभई बाल यौन दुर्व्यवहारको कार्य नै हो। यदि तपाई यस्ता तस्विरहरु हेर्नुहुन्छ भने तपाई अपराधिक क्रियाकलप गर्दै हुनुहुन्छ। यस्तो कार्य निषेधित गरिएको छ र यसबारे सम्बन्धित अधिकारीहरूलाई रिपोर्ट गरिनेछ।

हामी बालबालिका सम्बन्धित यौन सामाग्री शब्द प्रयोग गर्दैनौं, किनकि यो त्यस्ता तस्बिर तथा परिस्थितिहरुको गलत व्याख्या हुनेछ। बालबालिकाले दिएको सहमति मान्य नहुने हुँदा, यस्ता यौनजन्य तस्बिरहरूलाई बाल यौन दुर्व्यवहार मानिन्छ।

CARE मा प्रयोग हुने यन्त्रहरू, नेटवर्कहरू र कार्यस्थलमा बालबालिका सम्बन्धित यौन सामाग्री निषेधित छ।

## यौनकर्मी

यौनकर्मी भन्नाले यौन सेवाको बदलामा पैसा वा वस्तुहरू लिने व्यक्तिहरू हुन् जसले यौन व्यवसायलाई आफ्नो पेशा नमाने पनि त्यस्ता गतिविधिहरूलाई आयआर्जनका स्रोतको रूपमा परिभाषित गर्दछन्।

केही जोखिममा भएका समुदायका व्यक्तिहरुलाई आफ्नो परिवारको पालनपोषण गर्न र सुरक्षित राख्नको लागि यौनको सट्टामा खाना वा आश्रय दिई बाध्य पारिएको हुन सक्छ। यसलाई जीवित रहनका लागि यौनकर्म "survival sex" गरेको भनिन्छ। यस्ता व्यक्तिहरु स्वेच्छाले नभई अरु विकल्पको अभावमा यौन कर्ममा संलग्न हुन्छन्। कतिपयलाई मानव बेचबिखन वा दासत्व मार्फत यौन कार्यमा जबरजस्ती लगाईएको हुन सक्छ।

CARE ले आफ्ना कर्मचारी वा सम्बन्धित व्यक्तिहरूले कुनै पनि प्रकारको लेनदेन मार्फत यौन सम्बन्ध राख्ने वा यौनकर्मीबाट सेवा लिनुलाई असह्य ठहर गर्दछ। यो नियम यौनकार्य कानुनी भएका देशहरूमा पनि लागू हुन्छ। यौनकर्मीबाट यौन सेवा लिनु वा कुनै किसिमको लेनदेन गरी जीवित रहनका लागि यौनकर्म गराई जोखिममा भएका व्यक्तिहरुको शोषण गर्नुलाई घोर दुराचारको रुपमा हेरिन्छ।

## बहुविवाह

बहुविवाह भनेको एकै समयमा एकभन्दा बढी पति वा पत्नी राख्ने चलन वा प्रथा हो। हामीले काम गर्ने कतिपय देशहरूमा बहुविवाह प्रथा रहेको कुरा हामीलाई अवगत छ।

विवाह गर्ने दुवै व्यक्ति (१८ वर्ष भन्दा माथि) वयस्क भएको र बसोबास गर्ने देशमा सो अभ्यास कानून संगत भएको खण्डमा हामी बहुविवाहलाई निषेध गर्दैनौं।

## प्रत्यक्षदर्शी

घटना हुँदा उपस्थित, तर घटनामा प्रत्यक्ष रूपमा संलग्न नभएको व्यक्ति प्रत्यक्षदर्शी हो। यौन उत्पीडन, शोषण, वा दुर्व्यवहार भईरहदा वा सो घटना निम्त्याउन सक्ने परिस्थिति उत्पन्न भईरहदा केही प्रत्यक्षदर्शीहरू उपस्थित हुन सक्छन्।

तपाईले "प्रत्यक्षदर्शीद्वारा हस्तक्षेप" भन्ने वाक्यांश सुन्नु भएको हुनसक्छ। यसको अर्थ घटनामा प्रत्यक्ष रूपमा संलग्न नभएको व्यक्तिले परिणाम परिवर्तन गर्ने मनशायले तुरुन्तै हस्तक्षेप गर्ने बूझिन्छ। यस्तो हस्तक्षेपले अर्को व्यक्तिलाई सुरक्षित स्थानमा पुग्न वा त्यस प्रतिकूल परिस्थितिबाट उम्किने मौका दिन सक्छ।

## यौन उत्पीडन, शोषण, र दुर्व्यवहार विरुद्धको हाम्रो प्रतिक्रिया प्रभावित व्यक्ति-केन्द्रित रहेको सुनिश्चित गर्न हामी प्रतिबद्ध छौं।

**प्रभावित व्यक्ति-केन्द्रित हुनुको अर्थ प्रभावित व्यक्तिको आवश्यकता, ईच्क्षा र चाहनाले कारवाही तथा अनुसन्धान प्रतिक्रियाको प्रक्रिया र पद्दतीको मार्गदर्शन गर्नु हो। प्रभावित व्यक्ति-केन्द्रित दृष्टिकोणको प्रयोगले रिपोर्ट माथि प्रतिक्रिया गर्दा, सो प्रकृया पूर्वाग्रहमुक्त हुन्छ र पूर्वनिर्धारित हुदैन। प्रक्रियाको प्रत्येक चरणमा गोपनीयता र सहमतिलाई प्राथमिकता दिइन्छ।**



* प्रभावित व्यक्ति भन्नाले यौन उत्पीडन, शोषण वा दुर्व्यवहार (SHEA) भोगेको व्यक्ति हो। "**प्रभावित व्यक्ति**" शब्दले घटनाको प्रतिकूल असरबाट माथि उठ्दै त्यसको बिरुद्ध दृढ निश्चयका साथ आवाज उठाउन सक्षम एक शक्तिशाली व्यक्तिलाई जनाउंदछ। "पीडित" शब्दले केवल कुनै नकारात्मक कार्यको सिकार भएको व्यक्तिलाई मात्र जनाउँछ। यद्यपि, यसको प्रयोजन कुनै व्यक्तिको गरिमालाई ठेस पुर्‍याउनु भने होइन।

# सान्दर्भिक परिभाषाहरू

अब तपाईंले केही उपयुक्त शब्दहरु बुझ्नुभएको छ। अब ती शब्दहरुलाई भाषागत प्रयोग गर्ने अभ्यास गरौं। सहि शब्द छानी खाली ठाउँहरू भर्नुहोस्।

## शब्द कोष:

Grooming

वैवाहिक अधिकार सहमति

बाल यौन दुर्व्यवहारका तस्विरहरू

यौनकर्मी

बहुविवाह

प्रत्यक्षदर्शी

विवाह गर्ने दुवै व्यक्ति (१८ वर्ष भन्दा माथि) वयस्क भएको र बसोबास गर्ने देशमा सो अभ्यास कानून संगत भएको खण्डमा हामी ________________ लाई निषेध गर्दैनौं।

CARE ले आफ्ना कर्मचारी वा सम्बन्धित व्यक्तिहरूले कुनै पनि प्रकारको लेनदेन मार्फत यौन सम्बन्ध राख्ने वा ______________ बाट सेवा लिनु लाई असह्य ठहर गर्दछ।

________________ हेर्नू बाल यौन दुर्व्यवहार हो र यसबारे सम्बन्धित अधिकारीहरूलाई रिपोर्ट गरिनेछ।

घटना हुँदा उपस्थित भएको तर घटनामा प्रत्यक्ष रूपमा संलग्न नभएको व्यक्ति ________________ हो।

_______________ दिइएन वा दिन नसकिएको अवस्थामा यौन सम्पर्क भयो भने यसलाई यौन दुर्व्यवहार वा बलात्कार मानिन्छ।

बालबालिकाहरु प्रति यौन रुचि भएका व्यक्तिहरूले उनीहरुलाई यौन दुर्व्यवहारको लागि तयार पार्न प्रयोग गर्ने प्रक्रियालाई ____________ भनिन्छ। यो वयस्कहरू माथि पनि हुन सक्छ।

यी शब्दहरूलाई उपयुक्त ढंगले प्रयोग गर्न सिकेपछि तपाई आफू र आफ्ना वरिपरिका व्यक्तिहरूलाई सशक्त बनाउन सक्नु हुनेछ।

# प्रियाको कथाको समीक्षा

अघि सुन्नुभएको प्रियाको कथामा प्रियाले जीवनले के गरिरहेको देखिन्?



| | |
|---|---|
| कार्यक्रम सहभागी माथि यौन उत्पीडन | यौन शोषण |
| Grooming | बहुविवाह |

आफूलाई सही लाग्ने उत्तरमा गोलो घेरा लगाउनुहोस् र सही उत्तर जान्न अर्को पाना पल्टाउनुहोस्।

# प्रियाको कथाको व्याख्या

अघि सुन्नुभएको प्रियाको कथामा प्रियाले जीवनले के गरिरहेको देखिन्?

## कार्यक्रम सहभागी माथि यौन उत्पीडन

यौन उत्पीडन भनेको कुनै पनि व्यक्तिद्वारा अर्को व्यक्तितर्फ कुनै पनि अनावश्यक यौन प्रति अग्रसर हुनु, यौनसम्बन्धी टिप्पणी गर्नु, व्यक्त वा अव्यक्त रुपमा यौनको माग गर्नु, ठट्टा गर्नु, ईशारा गर्नु वा बोलेर, लेखेर, देखे गरी शारीरिक रुपमा यौनबारे संचार गर्नु वा त्यस्तो व्यवहार देखाउनु हो। जीवनको बारम्बार अनुपयुक्त रूपमा हेर्ने र अनावश्यक स्पर्श गर्ने व्यवहार यौन उत्पीडनको उदाहरण हो। उनमा निहित कार्यक्रम सम्बन्धी शक्ति असंतुलन को स्थितिको कारण, यसले अन्ततः यौन शोषणको रूप लिनसक्छ।

हामी अर्को सत्रमा यौन उत्पीडन र शोषण बीचको मसिनो अन्तर बारे चर्चा गर्नेछौं।

## यौन शोषण

जीवन कार्यालय प्रमुख भएको कारण अरू कर्मचारीहरू माथि उनको अधिकार र पदको अनुचित प्रभाव पर्न सक्ने र अन्ततः जीवनको व्यवहार यौन शोषणमा परिणत हुन सक्ने देखिन्छ। यद्यपि, यौन शोषणमा व्यक्तिहरू बीच लेनदेन भएको हुने गर्छ। यस कथामा महिला सहभागीहरुले यौन अनुग्रहहरू स्वीकार नगरेमा उनीहरूलाई जीवनले कुनै पनि सहायता वा अवसर प्रदान नगरेको भने देखिदैन।

## Grooming

जीवनका व्यवहारहरू बालिकाहरुलाई लक्षित भएता पनि उनले तिनीहरुलाई ग्रूमिङ भने गरेका होइनन्। ग्रूमिङ भनेको पिडितलाई अपराधीसँग यौनसम्पर्क राख्नु सामान्य हो वा पिडितसँग कुनै विकल्प छैन भनेर सोच्न बाध्य पार्ने भावनात्मक सम्बन्ध निर्माण गर्ने प्रक्रिया हो। कार्यक्रमका सहभागीहरू जीवनसँगको उनीहरूको अन्तरक्रिया असहज र अस्वाभाविक रहेकोमा स्पष्ट छन्।

## बहुविवाह

जीवनको बारम्बार अनुपयुक्त रुपमा हेर्ने र अनावश्यक स्पर्श गर्ने व्यवहार बहुविवाह होइन। बहुविवाह भनेको एकै समयमा एकभन्दा बढी पति वा पत्नी राख्ने चलन वा प्रथा हो।

# निष्कर्ष

तपाईंले अब यौन दुर्व्यवहारको वर्णन गर्दा प्रयोग गरिने शब्दहरु राम्रोसँग बुझ्नुभएको छ। ज्ञान नै शक्ति हो र तपाईंले यी अवधारणाहरूलाई जति राम्रोसँग बुझ्नुहुन्छ, तपाईं आफूलाई र आफ्नो वरिपरिका मानिसहरूलाई यौन उत्पीडन, शोषण र दुर्व्यवहारबाट सुरक्षित राख्नको लागि त्यति नै सशक्त हुनुहुन्छ।



# सत्र ३: व्यवहारको निरन्तरता

# व्यवहारको निरन्तरता




### अब अर्को कथाको पालो।

हरि, CARE का एक वरिष्ठ कर्मचारी, उनको घर सफा गर्ने घरेलु कामदार अनितासँग के भइरहेको छ भन्ने बारेमा कुरा गर्दैछन्। अनिता पहिले नै CARE कार्यक्रममा सहभागी भएकी थिइन्।

## लिलाको कथा

अनिताले तीन वर्ष हरिको लागि काम गरेकी थिइन् र हरि उनी र उनको परिवारसँग मिलनसार भएका थिए। तर त्यसपछि, अनितालाई केहि भयो।







लिलाले हरिका लागि केही दिन काम गरेपछि, हरिले लिलालाई स-साना उपहारहरू दिन थाले।




चाँडै, हरिले लिलालाई गहना र कपडा जस्ता ठूला उपहारहरू किनिदिन थाले।




पछि, लिलाले उनलाई दिईएको लूगा लगाएका बेला, हरिले उनलाई एउटा प्रश्न सोधे।







**यस सत्रमा, हामी यौन उत्पीडन, शोषण, र दुर्व्यवहार सम्बन्धी यस्ता धैरै परिदृश्य र प्रश्नहरूको बारेमा जान्नेछौ।**

**प्राय जसो परिस्थितिमा, तपाईलाई हरिको व्यवहार वर्गीकरण गर्न गाह्रो हुन सक्छ। त्यो उचित थिएन, तर त्यो हिंसात्मक पनि थिएन।**

हाम्रा सबै व्यक्तिगत अन्तरक्रियाहरू एक निरन्तरतामा आधारित हुन्छन्, अथवा व्यवहारहरूको दायरालाई भिन्न वर्गहरूमा वर्गीकरण गर्न सकिन्छ। ध्यान दिन महत्त्वपूर्ण के हुन्छ भने यी वर्गहरू पुरै अलग र विशेष हुँदैनन्। किनकि परिस्थितिहरू सरदर कठिन, आफू अनुकूल व्याख्या गर्न सकिने र धेरै छुट्याउन नसकिने परिस्थितिहरू समावेश भएका हुन्छन्।जे होस, हामीले व्यवहारको निरन्तरताका बारेमा पहिलो पटक सिक्दा, वर्गीकरणले यसलाई बुझ्न सजिलो बनाउँछ।

निरन्तरताको एक छेउमा, उमेर अनुकूल, सहमतिपूर्वक, सम्मानपूर्वक, र सुरक्षित व्यवहार हुन्छ। उदाहरणका लागि दुई परिपूर्ण वयस्कहरूले सहमतिमा डेटिङ गर्नुलाई लिन सकिन्छ।

निरन्तरताको अर्को छेउमा, हिंसात्मक, यौन दुर्व्यवहारी, वा शोषणात्मक व्यवहार हुन्छ। उदाहरणहरूका लागि यौन शोषण र बलात्कारलाई लीन सकिन्छ। प्रायजसो, संस्थाहरूमा गरिएका यौन उत्पीडन, शोषण र दुर्व्यवहारका रिपोर्टहरू यसकै वरिपरि हुन्छन्।

उमेर अनुसार उपयुक्त, पारस्परिक सम्मानजनक, र सुरक्षित

चंचल, मिलनसार, वा पारस्परिक जिस्किने खालको (Mutually Flirtatious)

उमेर अनुपयुक्त, गैर-परस्पर, वा भावनात्मक रूपमा ठेसपुग्ने खालको

उत्पीडन

हिंसात्मक, यौन दुर्व्यवहारी, वा शोषणात्मक


## "छुट्याउन नसकिने परिस्थिति" यस्तो अवस्था हो जसको न्यायिक निर्णय गर्न गाह्रो हुन सक्छ वा आफु अनुकूल व्याख्या गर्न सकिने खालको हुन्छ।

निरन्तरताको छुट्याउन नसकिने परिस्थितिका उदाहरणहरूमा निम्न कुरा समावेश हुन्छः

**चंचल, मिलनसार, वा पारस्परिक जिस्किने खालको (Mutually Flirtatious):**
घनिष्ठ र मायालु तर गैर-यौनिक (Platonic), दुई सहमत वयस्कहरू बीच मैत्रीपूर्ण जिसकिने खालको

**उमेर अनुसार अनुपयुक्त, गैर-पारस्परिक, वा भावनात्मक रूपमा ठेसपुग्ने खालको:**
यौन अपमानजनक टिप्पणी गर्नु

**उत्पीडनः**
अरूलाई अनुपयुक्त रूपमा समात्ने वा छुने




**तपाईलाई के लाग्छ हरिको व्यवहार, व्यवहारको यो निरन्तरता भित्र कहाँ पर्दछ?**

| चंचल, मिलनसार, वा पारस्परिक जिस्किने खालको (Mutually Flirtatious): | उमेर अनुसार अनुपयुक्त, गैर-पारस्परिक, वा भावनात्मक रूपमा ठेसपुग्ने खालको: | उत्पीडन: |
|---|---|---|
| घनिष्ठ र मायालु तर गैर-यौनिक (Platonic), दुई सहमत वयस्कहरू बीच मैत्रीपूर्ण जिसकिने खालको | यौन अपमानजनक टिप्पणी गर्नु | अरूलाई अनुपयुक्त रूपमा समात्ने वा छुने |

**हरिको व्यवहार उमेर अनुसार उपयुक्त छैन**

हरि वयस्क व्यक्ति हुन् र लिला एक बालिका (१८ वर्ष भन्दा कम उमेरको)। यसका अतिरिक्त, यो सम्बन्ध पारस्परिक थिएन किनकी लिलाले हरिको कुनै पनि व्यवहारलाई प्रोत्साहित गरेकी थिईनन्। अन्तमा, यो लिलाका लागि भावनात्मक रूपमा ठेसपुग्ने खालको थियो किनभने उनले उपहारहरू स्वीकार गर्न असहज महसुस गरेकी थिईन्। हरिले जे गरिरहेका थिए त्यो, उमेर अनुसार अनुपयुक्त, गैर-पारस्परिक, र लिलालाई भावनात्मक रूपमा ठेसपुग्ने खालको व्यवहार थियो। यो पनि एक प्रकारको grooming हो।

# थप परिदृश्यहरू



## ईशा र सन्तोष

२० वर्षीय ईशा र सन्तोष भर्खरका कलेज स्नातक हुन्। उनीहरुले भखरै एउटै अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (INGO) को क्षेत्रीय प्रतिनिधिको रूपमा काम गर्न थालेका छन्। काममा सँगै हुँदा उनीहरु एकअर्काप्रति आकर्षित भएका छन्। सन्तोषले ईशालाई खानाको लागि सोध्ने निर्णय गर्छन्। ईशाले हुन्छ भन्छिन्। उनीहरु बाहिर जान्छन् र खाना सँगै रमाइलो समय बिताउँछन्। उनीहरू धेरै समय सँगै बिताउने निर्णय गर्छन्। उनीहरुको सम्बन्ध अझै गम्भीर भइसकेको थिएन, तर पनि उनीहरूले राष्ट्रिय कार्यालयको मानव संसाधन प्रबन्धकलाई आफूहरु सँगै घुम्दै छौ (dating) भनेर थाहा दिने निर्णय गर्छन्। उनीहरु आफ्नो सम्बन्ध गोप्य राख्न चाहन्छन्, तर उनीहरुलाई थाहा छ कि उनीहरुको सम्बन्धले स्वार्थको द्वन्द्व (conflict of interest) सिर्जना गर्न सक्छ।

- उमेर अनुसार उपयुक्त, पारस्परिक सम्मानजनक, र सुरक्षित
- चंचल, मिलनसार, वा पारस्परिक जिस्किने खालको (Mutually Flirtatious)
- उमेर अनुसार अनुपयुक्त, गैर-परस्पर, वा भावनात्मक रूपमा ठेसपुग्ने खालको
- उत्पीडन
- हिंसात्मक, यौन दुर्व्यवहारी, वा शोषणात्मक



## अमर र अदिती

अमर खडेरीको संकट प्रतिक्रिया कार्यक्रम टोलीका वरिष्ठ राष्ट्रिय कर्मचारी हुन्। टोलीले कार्यक्रम विस्तार गर्न भर्खरै थप कर्मचारीहरू माग गरेको छ। जब अमरले पहिलो पटक अदिती, टोलीको नयाँ वितरण कार्यकर्तालाई भेटे, उनीहरुले आफूहरू बीच धेरै समानता पाए र छिटै असल साथी बने। अमरले उनलाई सँगै घुम्न (dating) का लागि सोधे। अदितीले विनम्रतापूर्वक अस्वीकार गरिन् र आफ्नो काममा फर्किइन्। अमिरलाई लाग्यो, अदिती सहकर्मीसँग सँगै घुम्ने कुरालाई लिएर चिन्तित छिन् र उनलाई यो ठीक छ भनेर बुझाउन केही विश्वास दिलाऊनु पर्छ। उसले बारम्बार अदितीलाई सम्झाउन र सँगै बाहिर जान मनाउन प्रयास गर्यो। अदितीले यी अन्तरक्रियाहरूबाट यति असहज महसुस गरिन् कि उनले अमरसँग सँगै काम गर्नबाट पन्छिन थालिन्।

- उमेर अनुसार उपयुक्त, पारस्परिक सम्मानजनक, र सुरक्षित
- चंचल, मिलनसार, वा पारस्परिक जिस्किने खालको (Mutually Flirtatious)
- उमेर अनुसार अनुपयुक्त, गैर-परस्पर, वा भावनात्मक रूपमा ठेसपुग्ने खालको
- उत्पीडन
- हिंसात्मक, यौन दुर्व्यवहारी, वा शोषणात्मक



## दिनेश र लुना

दिनेश र लुना एउटै विद्यालयका कार्यक्रम इन्टर्न हुन् र हालसालै CARE का लागि काम गर्न थालेका छन्। उनीहरु एकअर्कासँग केही समयदेखि परिचित छन्। उनीहरु हँसो गर्न, उपयुक्त ठट्टा गर्न, र कहिलेकाहीँ एकअर्काको मजाक गर्न र जिस्किन (flirt) गर्न मन पराउँछन्। यद्यपि, उनीहरुको सम्बन्ध पूर्णतया घनिष्ठ र मायालु तर गैर-यौनिक हो, र उनीहरु आफ्ना सहकर्मीहरूसँग व्यावसायिक रहनमा ध्यान दिन्छन्।

- उमेर अनुसार उपयुक्त, पारस्परिक सम्मानजनक, र सुरक्षित
- चंचल, मिलनसार, वा पारस्परिक जिस्किने खालको (Mutually Flirtatious)
- उमेर अनुसार अनुपयुक्त, गैर-परस्पर, वा भावनात्मक रूपमा ठेसपुग्ने खालको
- उत्पीडन
- हिंसात्मक, यौन दुर्व्यवहारी, वा शोषणात्मक



## बिजय र सबीता

बिजय आपत्कालिन कार्यक्रमका प्रबन्धक हुन्। खाद्यान्न वितरणको जिम्मेवारी उनकै हो। सबीता, आपत्कालिन कार्यक्रम सहभागी, र उनकी १२ वर्षीया छोरीले बिजयसँग खाद्यान्न वितरण स्थलमा कुरा गरे। सबीताले बिजयसँग उनीहरूलाई स्वास्थ्य परामर्श जस्ता अन्य स्वास्थ्य सम्बन्धी सेवाहरू पनि आवश्यक रहेको अवगत गराइन्। बिजयले भने, यदि उसलाई सबीताले आफ्नी छोरीसँग यौन सम्पर्क गर्न अनुमति दिन्छिन् भने उसले उनहरूलाई यस्ता अन्य सेवाहरू प्राप्त गर्न मद्दत गर्न सक्छन्।

- उमेर अनुसार उपयुक्त, पारस्परिक सम्मानजनक, र सुरक्षित
- चंचल, मिलनसार, वा पारस्परिक जिस्किने खालको (Mutually Flirtatious)
- उमेर अनुसार अनुपयुक्त, गैर-परस्पर, वा भावनात्मक रूपमा ठेसपुग्ने खालको
- उत्पीडन
- हिंसात्मक, यौन दुर्व्यवहारी, वा शोषणात्मक

# व्यवहारको निरन्तरता – उत्तरहरु

**ईशा र सन्तोष**

**उमेर अनुसार उपयुक्त, पारस्परिक सम्मानजनक, र सुरक्षित**

ईशा र सन्तोष उमेर अनुसार उपयुक्त, पारस्परिक सम्मान र सुरक्षित व्यवहारमा संलग्न छन्। उनीहरु दुवै १८ बर्ष भन्दा माथिका छन्। उनीहरु आफ्नो सम्बन्धले सिर्जना गर्न सक्ने स्वार्थको द्वन्द्वका (conflict of interest) बारेमा सचेत छन्। उनीहरु पारदर्शी छन् र काम गर्ने क्रममा हुनसक्ने परिवर्तनहरू मानव संसाधन (HR) ले विचार गरीदियोस् भनेर सुनिश्चित गर्न रिपोर्ट पनि गरेका छन्।

**अमर र अदिती**

**उत्पीडन**

अमरले अदितीलाई यौन उत्पीडन गरिरहेका छन्। जब अमरले अदितीलाई मनाउन प्रयास गरिरहे, त्यसले अदितीलाई असहज महसुस गराउनु का साथै, उनको कामको प्रदर्शनलाई नकारात्मक असर पनि पार्यो।

**दिनेश र लुना**

**चंचल, मिलनसार, वा पारस्परिक जिस्किने खालको (Mutually Flirtatious)**

दिनेश र लुनाले चंचल र मैत्रीपूर्ण व्यवहार देखाउँदै छन्। उनीहरु नीति उल्लङ्घन नगरि एकअर्कासँग सम्मानजनक र सहज हुने तरिकाले फ्लर्ट गरिरहेका छन्।

**बिजय र सबीता**

**हिंसात्मक, यौन दुर्व्यवहारी, वा शोषणात्मक**


बिजयले सबीता र उनकी छोरीको यौन शोषण गरिरहेका छन्। कुनै पनि आधारभूत वा अतिरिक्त मद्दत कुनै पनि यौनक कार्य (चाहे उनी वा उनको छोरी) मा निर्भर छ भनी इन्कित गर्नु स्पष्ट रूपमा शोषणात्मक, CARE नीति विरोधी र गैरकानूनी हुन्छ।

# छुट्याउन नसकिने व्यवहारको वर्गीकरण

अब तपाईंले लिलाको कथा सहित व्यवहारको निरन्तरताका पाँच प्रकारका बारेमा जान्नुभएको छ, आउनुहोस् केही उदाहरणहरू हेरौं जुन कुनै पनि व्यवहार निरन्तरताको वर्गीकरणमा सहजै उपयुक्त हुँदैन।

**जब नियमहरू स्पष्ट छैनन् वा सही वा गलत के हो भनेर तपाईं निश्चित हुन सक्नुहुन्न भने त्यस अवस्थालाई हामी "छुट्याउन नसकिने परिस्थिति" भन्छौं। त्यस अवस्थाको वर्गीकरण गर्न गाह्रो हुन सक्छ।**

जब कुनै अवस्थालाई छुट्याउन नसकिने परिस्थितिको रूपमा हेरिन्छ, त्यहाँ साना विवरणहरूले त्यस विशेष व्यवहार निरन्तरताको कुन वर्गमा पर्छ भनी ठूलो फरक पार्न सक्छ।



**उदाहरणका लागि,**

यदि दिनेश र लुनाको जिसकिने व्यवहार अत्यधिक थियो र कार्यालयमा उनीहरूका केही सहकर्मीहरूलाई असहज महसुस गराएको थियो भने, यसले वर्गीकरणलाई पारस्परिक जिस्किने खालको (Mutually Flirtatious) बाट उनीहरूका सहकर्मीहरूको लागि काममा शत्रुतापूर्ण वातावरण सृजना हुन जन्थ्यो।

**अन्य अवस्थामा, महत्त्वपूर्ण विवरणहरू परिवर्तन हुन सक्छन्, तर निरन्तरतामा अन्तर्निहित व्यवहार उस्तै रहन्छ।**



**उदाहरणका लागि,**

यदि बिजयले सबीतालाई उनकी १२ वर्षीय छोरीको सट्टामा उनीसँग नै यौनसम्पर्क गरे बपात थप खाना र निरन्तर सहयोग प्रस्ताव गरेका भएपनि, उसको व्यवहार अझै पनि शोषणपूर्ण, CARE नीति विरोधी, र गैरकानूनी हुनेछ।

# छुट्याउन नसकिने परिस्थितिको वर्गीकरण

यहाँ छुट्याउन नसकिने परिस्थितिका दुई थप उदाहरणहरू छन्। प्रत्येक परिदृश्य पढ्नुहोस् र छुट्याउन नसकिने परिस्थितिका बारेमा जान्नुहोस्।



एक सामुदायिक कार्यक्रममा, तपाईंले एक वरिष्ठ कर्मचारी सदस्य र कार्यक्रम सहभागी एकसाथ मजाक गर्दै सम्भवतः जिसकिरहेको देख्नुहुन्छ। तपाईंलाई लग्न सक्छ त्यहाँ उनीहरू बीच केहि यौनिक क्रियाकलाप चलिरहेको छ, तर तपाईंलाई थाहा छैन यो के हो र कुनै प्रमाणपनि छैन।

### छुट्याउन नसकिने परिस्थिति:

यो उनीहरू बीच एक निर्दोष आदानप्रदान हुन सक्छ। तपाईसँग केही अनुपयुक्त भइरहेको भनी कुनै प्रमाण छैन तर पनि तपाईको भित्री मनले तपाईलाई केहि फरक बताइरहेको हुन्छ। यही कारणले गर्दा यो छुट्याउन नसकिने परिस्थिति हो। तपाईंले आफ्नो शङ्का रिपोर्ट गर्नुपर्छ ताकि तथ्यहरू स्थापित गर्दै कार्यक्रम सहभागीलाई कुनै हानी नभएको सुनिश्चित गर्न सकियोस्।



शिविरमा तपाईंले एक कार्यक्रम अधिकारी देख्नुहुन्छ जसले हरेक दिन उही बच्चाहरूसँग समय बिताइरहेको जस्तो देखिन्छ। उहाँ तिनीहरूसँग खेल्नुहुन्छ र तिनीहरूमध्ये केहीसँग घनिष्ठ सम्बन्ध विकास गर्नुभएको छ।

### छुट्याउन नसकिने परिस्थिति:


यो उनीहरू बीच एक निर्दोष आदानप्रदान हुन सक्छ। तपाईसँग केही अनुपयुक्त भइरहेको भनी कुनै प्रमाण छैन तर पनि तपाईको भित्री मनले तपाईलाई केहि फरक बताइरहेको हुन्छ। यही कारणले गर्दा यो छुट्याउन नसकिने परिस्थिति हो। तपाईंले आफ्नो शङ्का रिपोर्ट गर्नुपर्छ ताकि तथ्यहरू स्थापित गर्दै कार्यक्रम सहभागीलाई कुनै हानी नभएको सुनिश्चित गर्न सकियोस्।

# निष्कर्ष

यस सत्रमा, तपाईंले सबै व्यक्तिगत अन्तरक्रियाहरू र व्यवहारहरू निरन्तरतामा अवस्थित छन् भनेर जान्नु भएको छ। अब तपाईले बुझ्नुभयो कसरी उमेर अनुसार उपयुक्त, पारस्परिक सम्मान, र सुरक्षित अन्तरक्रिया हिंसात्मक, यौन दुर्व्यवहारी, वा शोषणात्मक अन्तरक्रियामा परिणत हुन सक्छ।

यति थाहा पाउँदा, कहिले एक अन्तरक्रिया समस्या हो वा समस्या बन्न सक्ने संभावना राख्छ भन्ने पहिचान गर्न सजिलो हुनुपर्छ। यसले तपाईंलाई तपाईंको अन्तरक्रियाहरू व्यवहारको निरन्तरतामा कहाँ पर्न सक्छ भन्ने बारे सोच्न पनि मद्दत गर्दछ।

अर्को मोड्युलमा, तपाईंले रिपोर्ट गर्ने आफ्नो कर्तव्यको बारेमा थप जान्नुहुनेछ।



# सत्र ४: कहिले रिपोर्ट गर्ने

# परिचय

अब तपाईं यौन उत्पीडन, शोषण र दुर्व्यवहारको बारेमा कुरा गर्न प्रयोग गरिने भाषा बुझ्नुहुन्छ, आउनुहोस्, कहिले र कसरी रिपोर्ट गर्ने भनेर पनि बुझौं।

व्यवहारको निरन्तरतामा फर्केर सोच्दै, यदि आपत्तिजनक टिप्पणीहरू वा मजाकहरू जस्ता अस्वस्थ व्यवहारहरूलाई माफी दिइयो भने, अस्वस्थ वा अस्वीकार्य व्यवहारहरू थप गम्भीर रूपमा बढ्न सक्छन्। जति धेरै अस्वस्थकर वा अस्वीकार्य व्यवहारहरू देखा पर्छन् र चुनौतीको सामना गर्दैनन्, त्यति नै बढी मानिसहरू यौन उत्पीडन, शोषण र दुर्व्यवहारको अनुभव गर्ने जोखिममा हुन्छन्।

यसैले हामी यौन उत्पीडन, शोषण र दुर्व्यवहार प्रति शून्य सहनशीलताको दृष्टिकोण राख्छौं, जसको मतलब हामी सबै रिपोर्टहरूलाई गम्भीरताका साथ लिन्छौं। यसमा निर्णय गर्नु अघि सामान्यतया छानबिन सुरु गर्नु, र उपयुक्त कारबाही गर्नु समावेश हुन्छ।

# यदि तपाई केहि देख्नुहुन्छ भने, केहि भन्नुहोस्

यदि तपाइँ केहि देख्नुहुन्छ भने, केहि भन्नुहोस्। यसको मतलब यदि तपाईंले यौन उत्पीडन, शोषण, वा दुर्व्यवहार हुन सक्ने कुनै कुराको साक्षी हुनुहुन्छ/देख्नुभएको छ, सुन्नु भयो वा शंका गर्नुभयो भने, त्यसको रिपोर्ट गर्नुहोस्।

जति चाँडो तपाईंले शंका गर्नुभएको कुरा रिपोर्ट गर्नुहुन्छ, त्यतिनै चाँडो त्यसलाई सम्बोधन गरिनेछ र हाम्रा कर्मचारी र हामीले सेवा गर्ने मानिसहरूलाई कुनै हानिको अनुभव हुनबाट जोगाउन वा रोक्न उपयुक्त कारबाही गरिनेछ।

जब तपाइँ रिपोर्ट गर्नुहुन्छ, तपाइँसँग सबै विवरणहरू हुन आवश्यक छैन। यदि तपाईंले भान्साकोठामा दुई व्यक्तिहरू बीच असहज अन्तरक्रिया देख्नुभयो भने, यसको रिपोर्ट गर्नुहोस्। यदि तपाइँले एक वरिष्ठ नेताले असामान्य समयमा एक कार्यक्रम सहभागी संग भेटको चर्चा सुन्नुभयो भने, यो रिपोर्ट गर्नुहोस्। तपाईंको "भित्री भावना" वा "सुझ-बुज" मा भर पर्नु ठीक छ।

**तपाईं सँग सबै तथ्यहरू हुनुपर्छ भन्ने महत्त्वपूर्ण छैन, तर तपाईंले आफ्नो शंकाहरू रिपोर्ट गर्नु महत्त्वपूर्ण छ।**

# लुना र दिनेश

## अघिल्लो सत्रबाट लुना र दिनेश सँगको परिदृश्य साम्झनु भएको छ?


उनीहरुको आपसमा जिसकिने व्यवहार अत्यधिक हुँदै गयो र अन्य सहकर्मीहरूलाई असहज बनाउन थाल्यो। तर, लुना र दिनेशले आफ्नो व्यवहार उपयुक्त र हानिरहित छ भन्ने सोचेका थिए। अन्य सहकर्मीहरू रिपोर्ट गर्न हिचकिचाउँथे किनभने तिनीहरूलाई थाहा थिएन लुना र दिनेशले CARE का कुन-कुन नीतिहरू "उल्लंघन" गरिरहेका थिए वा थिएनन्। यद्यपि, तिनीहरूले असहज महसुस गरिरहेको हुनाले, यो रिपोर्ट गर्नुपर्थ्यो।

यसलाई हामी "छुट्याउन नसकिने परिस्थिति" भन्छौं, जुन नियमहरू स्पष्ट नभएको वा सही वा गलत के हो भनी तपाईं निश्चित हुनुहुन्न। यस्ता परिस्थितिहरूमा, तपाइँको "भित्री भावना" वा "सुझ-बुज" ले तपाइँलाई केहि ठीक छैन भनेर भन्दै हुन्छ। तपाइँ सामान्यतया असहज महसुस गर्नुहुन्छ। यी अवस्थाहरूमा, तपाईंले आफ्नो भित्री भावना सुन्नुपर्छ र रिपोर्ट गर्नुपर्छ।



# नीना, सन्तोष र ईशा


**अघिल्लो सत्रबाट ईशा र सन्तोषलाई लिएर अर्को काल्पनिक परिदृश्यको जाँच गरौं, साथै नीना, एक CARE कर्मचारी जसले यौन उत्पीडन, शोषण वा दुर्व्यवहार भएको शंका गर्न सकिने केही देख्छिन्।**




निना स्टाफ किचनमा हुन्छिन् जब उनले ईशालाई रुमालले आशु पुछिरहेको देख्छिन्। ईशा रोईरहेको जस्तो देखिन्छ।



निनाले त्यसपछि सन्तोष ईशा कहा गएर गहन कुराकानी गरिरहेको देख्छिन्। उनीहरूबीच सधैं राम्रो सम्बन्ध रहेको देखिन्थ्यो तर ईशा झन् झन् चिन्तित भएको देखेर निना छक्क पर्छिन्। उनीहरुले सानो श्वरमा कुरा गरिरहेकाले निनाले के कुरा भइरहेकोछ भनी सुन्न सक्दिनन्।



त्यसपछि सन्तोषले ईशाको माथिल्लो पाखुरामा नरमसँग हात राख्छ, र उनीसँग कुरा जारी राख्छ। उसले आफ्नो टाउको अगाडि बढाउँछ र ईशालाई चुम्बन गर्न खोजेको जस्तो देखिन्छ।



ईशाले टाउको हटाउँछिन्। त्यसपछि उसले ईशाको पाखुरा निचोड्न थाल्छ र स्पष्ट रूपमा उनलाई चोट पुर्याउँछ। सन्तोष रिसाएको जस्तो देखिन्छ।

# निना, सन्तोष र ईशा



ईशाले आफूबाट सन्तोषको हात हटाउँछिन् र पर सर्छिन्। उनी फर्केर हतार हतार भान्साकोठातिर जान्छिन्।



निनाले ईशा स्पष्ट रूपमा निराश भएको देख्छिन् र उनलाई ठीक छ कि छैन भनेर सोध्छिन्। ईशा आफू ठिक भएको र बोल्न नचाहेको बताउँछिन् । निनाले ईशालाई भन्छिन् कि यदि उनको मन परिवर्तन भयो भने उनी कुरा गर्न उपलव्ध छिन्। ईशा अझ सहज महसुस गर्छिन् भने PSHEA Focal Point पनि कुरा गर्न उपलब्ध छ भनी सम्झाउँछिन्।



ईशा चिन्तित देखिन्छन् र दृढतापूर्वक नाई भन्छिन्। एक गिलास पानी लिन्छिन् र तुरुन्तै भान्साबाट निस्किन्छिन्। निना ईशाको बारेमा चिन्तित हुन्छिन्। ईशा स्पष्ट रूपमा भावुक थिइन्, अवस्थाको बारेमा मौन भइन् र सन्तोषसँगको उनको अन्तरक्रिया असहज र संदिग्ध थियो। यौन उत्पीडन, शोषण र दुर्व्यवहारको घटना वा शंकाहरू रिपोर्ट गर्न आवश्यक छ भन्ने ईशालाई थाहा छ, तर उनी यो घटना रिपोर्ट गर्दा हुने परिणामहरूका बारेमा चिन्तित देखिन्छिन्।



निना भान्सामा एक्लै हुनछिन्। उनी ईशाको भलाईको बारेमा चिन्तित त छिन् तर धेरै चीजहरूको बारेमा अनिश्चित छिन्। निनालाई थाहा छ उनले यौन उत्पीडन, शोषण र दुर्व्यवहारका कुनै पनि शङ्काको रिपोर्ट गर्नुपर्छ। अझ विशेष गरी उनीहरू दुवै CARE कर्मचारी भएकाले यस्ता घटनाको रिपोर्ट गर्न आवश्यक छ। उनी यस्तो गर्नु उनले समीक्षा गरी हस्ताक्षर गरेको CARE नीतिमा छ भनेर पनि सम्झन्छिन्।

**यद्यपि, त्यस CARE नीतिले यस अवस्थाको बारेमा उनको चिन्ता र डरलाई सम्बोधन गर्दैन।**

# निना के सोच्दै छिन्?

निनासँग उत्तरहरू भन्दा धेरै प्रश्नहरू छन्। उनको दिमागमा के चलीरहेको छ पत्ता लगाउन थप पढ्नुहोस्।

## मैले यो रिपोर्ट गर्नुपर्छ

**CARE International को PSHEA सम्बन्धी safeguarding नीति: ५.१ सबै केयर कर्मचारी र सम्बन्धित व्यक्तिहरू**

यौन उत्पीडन, शोषण र दुर्व्यवहार तथा बाल दुर्व्यवहार रोक्नू, रिपोर्ट गर्नु र प्रतिक्रिया दिनु सबै CARE कर्मचारीहरू र सम्बन्धित व्यक्तिहरूको साझा दायित्व हो। CARE को safeguarding नीति र आचार संहिताको समर्थन र पालन गर्नु सबै CARE कर्मचारी र सम्बन्धित व्यक्तिहरूको जिम्मेवारी हो। सबै CARE कर्मचारीहरू र सम्बन्धित व्यक्तिहरूले यो नीति पढ्नुपर्छ र Safeguarding आचारसंहिता (Code of Conduct) मा हस्ताक्षर गर्नुपर्छ वा यो नीति र Safeguarding आचारसंहितासँग मेल खाने वा सन्दर्भ मिल्ने आचारसंहितामा हस्ताक्षर गर्नुपर्छ।

## ईशालाई के होला?

- के ईशालाई सन्तोषबाट खतरा हुनेछ?
- उसले उनको पाखुरा निचोड्यो र ऊ एकदमै रिसाएको देखिन्थ्यो - ऊ अरू के गर्न सक्छ?
- यदि ईशा विवाहित भए - उनको श्रीमान र समुदायले के भन्ला वा गर्ला?
- म कसैलाई समस्यामा पार्न चाहन्न।
- के उजुरी गर्दा ईशाको अवस्था बिग्रन सक्छ?



## यदि मैले रिपोर्ट गरे भने मलाई के हुनेछ?

- के म आफैलाई खतरामा पार्दै छु?
- यदि ईशा र सन्तोषले मैले रिपोर्ट गरेकोको थाहा पाए भने के हुन्छ? त्यहाँ वरपर कोही थिएन, र ईशालाई थाहा छ त्यहाँ के भयो मैले देखेकोछु।
- मलाई कसैले पत्याएन भने के हुन्छ ?
- यदि मैले परिस्थितिलाई नै गलत बुझेको रहेछु भने?

## मैले केही गरिन भने के हुन्छ?

- के सन्तोषले अन्य महिलाहरूलाई पनि हानि गर्नेछ?
- के म अन्य मानिसहरू, अन्य महिला र केटीहरूलाई जोखिममा पार्दै छु?
- के सन्तोषले पहिले देखि नै धेरै महिलाहरूलाई यो गरिरहेको छ?

# तपाईले रिपोर्ट गर्दा के हुन्छ

निनासँग ईशा र सन्तोषको बारेमा सबै तथ्यहरू नभएता पनि, उनलाई थाहा छ कि उनले यो रिपोर्ट गर्न आवश्यक छ। उनलाई थाहा छ यदि उनले यो रिपोर्ट गरेमा प्रशिक्षित PSHEA अनुसन्धानकर्ताले तथ्यहरू पत्ता लगाउनेछन्। रिपोर्टिङ र अनुसन्धान बीचको भिन्नता जान्न क्लिक गर्नुहोस्।





## रिपोर्ट गर्नु

रिपोर्ट भनेको कुनै व्यक्तिले यौन उत्पीडन, शोषण वा दुर्व्यवहारको बारेमा चिन्तागरी रिपोर्ट गर्नु हो। यो तपाईंले प्रत्यक्ष देख्नुभएको, सुन्नुभएको, वा तपाईको शङ्का हुन सक्छ। तपाईंले रिपोर्ट गर्न सबै विवरणहरू जान्न आवश्यक छैन। हाम्रो शून्य सहनशीलता नीतिले गर्दा सबै रिपोर्टहरू गम्भीर रूपमा लिइन्छ। शून्य सहनशीलता भनेको हामी सबै रिपोर्टहरूलाई स्वीकार गर्छौं र उपयुक्त कदम चाल्छौं। रिपोर्टिङ सबैको दायित्व हो। यदि तपाईं केहि देख्नुहुन्छ भने, केहि भन्नुहोस्।


## अनुसन्धान गर्नु

रिपोर्ट गरिएका घटना वास्तविक वा सत्य हो अथवा होइन भनेर निर्धारण गर्ने प्रक्रिया हो अनुसन्धान। अनुसन्धानको नतिजाले CARE नीति उल्लङ्घन भएको हो वा होइन भनेर निर्धारण गर्नेछ। अनुसन्धानहरू प्रशिक्षित PSHEA अनुसन्धानकर्ताहरू द्वारा गरिन्छन् जसले सत्य पहिचान गर्न कडा तर संवेदनशील प्रक्रियाको पालना गर्छन्। अनुसन्धानहरु रिपोर्ट दिने व्यक्ति, प्रभावित व्यक्ति(हरू), उजुरीको विषय र साक्षी(हरू) प्रति सम्मानजनक हुन्छन्।

विवेकपूर्ण र गोप्य अनुसन्धान सञ्चालन गर्न सबै प्रयास गरिन्छ। यसमा उजुरीको विषयको गोपनीयता समावेश छ।

# कहाँ रिपोर्ट गर्ने

निनाले रिपोर्ट गर्ने निर्णय गर्छिन्। रिपोर्ट गर्न उनी care.ethicspoint.com को CAREline मा जान्छिन्। उनलाई भान्सामा के भएको थियो भन्ने मात्र थाहा छ, त्यसैले उनी केवल ती प्रश्नहरूको जवाफ दिन्छिन् जसको जवाफ उनलाई थाहा छ।



# अनुसन्धान प्रक्रिया

निनाले रिपोर्टिङ गरेर ठीक गरिन्। उनी आफ्नो निर्णयमा विश्वस्त छिन् र उनको रिपोर्टले ईशालाई जोगाउनेछ भन्ने उनलाई थाहा छ। निनाको रिपोर्टमा के हुनेछ भनी थाहा पाउन प्रत्येक चरणको समीक्षा गर्नुहोस्।

| | |
|---|---|
| **उजुरी** | यौन उत्पीडन, शोषण, वा दुर्व्यवहारको अनुभव गर्ने व्यक्ति (एक कथित प्रभावित व्यक्ति) वा यौन उत्पीडन, शोषण, वा दुर्व्यवहारको घटना देखे, सुन्ने वा उत्पीडन, शोषण, वा दुर्व्यवहार भएको शंका गर्ने व्यक्ति। |
| **रिपोर्ट गर्ने** | उजुरीकर्ता CAREline (care.ethicspoint.com) मा जान्छन् र रिपोर्ट गर्न लागि कल गर्छन् वा अनलाइन फारम भर्छन्। |
| **आरोप** | उजुरीकर्ताले गरेको रिपोर्ट आरोप बन्छ, जुन अहिलेसम्म प्रमाणित भाइनसकेको तथ्यहरुको दाबी हो। |
| **अनुसन्धान** | रिपोर्ट गरिएको घटना तथ्य वा सत्य हो या होइन भनेर निर्धारण गर्न प्रयोग गरिने प्रक्रिया हो अनुसन्धान। अनुसन्धानको नतिजाले CARE नीति उल्लङ्घन भएको हो वा होइन भनेर निर्धारण गर्छ। अनुसन्धानहरू प्रशिक्षित PSHEA अन्वेषकहरूद्वारा गरिन्छन् जसले सत्य पहिचान गर्न कडा तर संवेदनशील प्रक्रियाको पालना गर्छन्।<br><br>अनुसन्धानहरु, रिपोर्ट दिने व्यक्ति, प्रभावित व्यक्ति(हरु), उजुरीको विषय र साक्षी(हरु) प्रति सम्मानजनक हुन्छन्।<br><br>विवेकपूर्ण र गोप्य अनुसन्धान सञ्चालन गर्न सबै प्रयासहरू गरिन्छ। यसमा उजुरीको विषयको गोपनीयता समावेश छ। |
| **उपयुक्त कदम** | "उपयुक्त कदम" भनेको अनुसन्धानको नतिजाका आधारमा लिइने व्यवस्थापकीय कदम हो। |


# रिपोर्ट पछि

एक PSHEA अनुसन्धानकर्ताले निनाको रिपोर्टमाथि प्रत्युत्तर दिए र स्थितिको बारेमा थप तथ्यहरू सङ्कलन गर्न थाले र संवेदनशील अनुसन्धान सुरु गरे। ईशाले वास्तवमा सन्तोषबाट एक किसिमको यौन उत्पीडन, शोषण र दुव्र्यवहारको अनुभव गरिरहेको अनुसन्धानमा देखियो। सन्तोषलाई उसको व्यवहारका कारणले कामबाट बर्खास्त गरियो, जसले गर्दा उसलाई थप अरुलाई यौन उत्पीडन, शोषण र दुर्व्यवहार गर्नबाट बन्चित गर्यो।

निनाले आफूले देखेको घटनाबारे जानकारी गराएकाले उनले ईशालाई मद्दत गर्न र अरूलाई जोगाउन सक्षम भइन्। ईशाले PSHEA Focal Point बाट सहारा प्राप्त गरिन्, जसले उनलाई बाह्य स्रोत र सेवाहरू प्राप्त गर्न मद्दत गरे। ईशाले हाम्रो मनोसामाजिक सहायता सेवाबाट मद्दत लिने निर्णय गरिन्।









# निष्कर्ष

यौन उत्पीडन, शोषण, र दुर्व्यवहार कहिले र कसरी रिपोर्ट गर्ने भनेर तपाईले थाहा पाउनुभयो। तपाईले रिपोर्ट गर्दा र गरीसकेपछि के हुन्छ भन्ने बारे पनि राम्रोसँग बुझ्नुभयो।

तपाईंले आज देखेको परिदृश्यले तपाईंलाई देखाएको छ कि यौन उत्पीडन, शोषण र दुर्व्यवहार एक दर्शकलाई कस्तो लाग्न सक्छ। याद गर्नुहोस् कि तपाईंले रिपोर्ट गर्दा सबै विवरणहरू हुनु आवश्यक छैन। यदि तपाईंले असहज अन्तरक्रिया देख्नुभयो वा तपाईंले अफवाह सुन्नुभयो भने, यसलाई रिपोर्ट गर्नुहोस्। तपाईंको "भित्री भावना" वा "सुझ-बुज" मा भर पर्नु ठीक छ। यदि तपाइँ केहि देख्नुहुन्छ भने, केहि भन्नुहोस् अथवा रिपोर्ट गर्नुहोस्।

# सत्र ५: PSHEA मा तपाईंको भूमिका



अब अर्को कथाको पालो! साँझको समयमा शिक्षा सम्बन्धी एक परियोजनाको स्थलगत काममा भएको एक घटनाको चर्चा गरौं। MEAL शाखाका एक कर्मचारी बिजयले किशोरी युवतीहरूसँग धेरै समय बिताइरहेको कुरामा CARE सहकर्मी सुशीलाको ध्यानाकर्षण हुन्छ। ती किशोरीहरू मध्ये एक, बबीताले हालसाल नयाँ-नयाँ लुगा लगाएको पनि सुशीलाले याद गरेकी थिइन्।

# बिजय वास्तवमा के गर्दैं छन् ?







बिजय किशोरीहरू तिर गएर कुराकानी गर्न सुरु गर्छन्। शुरूमै उनी बबीताको प्रशंसा गर्छन्। सुशीलाले यसले बबीता र बिनितालाई असहज महसूस भएको अनुमान गर्न सक्छिन्। यस व्यवहारले सुशीलालाई पनि असहज महसूस हुन्छ। बिजयले बबीता र बिनितालाई अरू सबै गएपछि आफूसँग केही समय बिताउने प्रस्ताव राख्छन्। उनीहरूले सो प्रस्ताव स्वीकार गर्छन्। सुशीलालाई बिजयको यस्तो प्रस्ताव अस्वाभाविक लाग्छ।




अरु सबै गएपछि उनीहरु मात्रै ढिलो सम्म बसेको केही दिन पछि सुशीलाले बिजयलाई बबीताको हात समातेको देख्छिन् र बिजयले बबीतालाई उनको पढाईमा एक्लै मद्दत गर्ने प्रस्ताव गरेको सुन्छिन्। सुशीलालाई यो गलत हो जस्तो लाग्छ।




भोलिपल्ट बिजयले बबीतालाई कार्यक्रम सकिएपछि पुस्तकहरू व्यवस्थित गर्न आफ्नो मद्दत गर्न आग्रह गर्दछन्। बबीता सहयोग गर्न सहमत हुन्छिन्। सुशीलालाई आफूले पहिले नै पुस्तकहरू व्यवस्थित गरिसकेको हुँदा यो कुरा ठीक लाग्दैन। बिजयले बिनितालाई भने सहयोग नमागेका कारण सुशीलालाई बबीताको चिन्ता हुन थाल्छ।



यस सत्रमा, हामी यस प्रकारका थप कथाहरू बारे चर्चा गर्नेछौं र तपाईंले यौन उत्पीडन, शोषण, र दुर्व्यवहार (PSHEA) को रोकथाममा खेल्ने भूमिकालाई हेर्नेछौं।

# वास्तविकता



वास्तवमा, जीवनको जस्तै घटनाहरु अरु पनि हुन्छन्। यौन उत्पीडन, शोषण र दुर्व्यवहार जहाँ पनि हुन सक्ने हुँदा हामी तटष्थ बस्ने अवस्था छैन र यसप्रति हामी सतर्क हुनु पर्दछ। सुशीला जस्ता व्यक्तिहरूले यौन उत्पीडन, शोषण र दुर्व्यवहार भएको बुझेर यसलाई रोक्न र यस्ता घटनालाई कहिले रिपोर्ट गर्ने भनेर जान्न आवश्यक छ।



# CARE मा संलग्न व्यक्तिहरु

हामी हरेक व्यक्तिको मर्यादाको सुरक्षा प्रति आफ्नो अटल प्रतिबद्धताका लागि परिचित छौं। CARE मा कार्यरत कर्मचारी तथा CARE मा संलग्न भएका समुदायहरू आफू यौन उत्पीडन, शोषण र दुर्व्यवहारबाट सुरक्षित हुनेमा विश्वस्त छन्।

यौन उत्पीडन, शोषण र दुर्व्यवहारको रोकथाममा हामी सबैको भूमिका महत्वपूर्ण छ। हाम्रो कार्यालय, हामी संलग्न समुदाय र हाम्रा लाभार्थीहरूको सुरक्षा सुनिश्चित गर्नु हाम्रो कर्तव्य हो र हामीसँग यस विरुद्ध कदम चाल्ने र यसलाई रिपोर्ट गर्ने शक्ति पनि छ।









# असंतुलित शक्ति विभाजन

सामाजिक न्याय प्राप्त गर्ने लक्ष्य भएको संस्थाको रूपमा, हामीलाई असंतुलित शक्ति विभाजनको वास्तविकता थाहा छ, त्यसैले हामी प्रतिकूल वा अनुपयुक्त व्यवहारको रिपोर्ट गर्ने जिम्मेवारी प्रभावित व्यक्तिको मात्रै हो भनेर तटष्थ बस्न सक्दैनौं। वास्तवमा हामी सबैले दैनिक रूपमा **यौन उत्पीडन, शोषण र दुर्व्यवहार (PSHEA)** प्रति सचेत र सतर्क रहँदै यसको रोकथाममा सबल भूमिका खेलेको सुनिश्चित गर्नुपर्दछ।

असंतुलित शक्ति विभाजनको वास्तविकतालाई आत्मसात गर्दै हामीले अरूको व्यवहार प्रति सजग हुनुका साथै आफ्नै व्यवहारले अरु माथि कस्तो प्रभाव पारिरहेको छ भनि विश्लेषण गर्नु पनि जरूरी छ। अघिल्लो सत्रमा प्रस्तुत गरिएको व्यवहारको निरन्तर क्रमलाई हेर्दा हाम्रा व्यवहारहरु पनि त्यहि निरन्तर क्रममा नै पर्छन्। ***कुनै पनि मैत्री व्यवहार केही क्षणमै अस्वस्थ वा असभ्य हुन सक्ने कुरा संग त हामी अवगत नै छौं। बिजय, बबीता र सुशीलाको घटनाले पनि यो कुरा प्रष्ट पार्छ।*** त्यस अवस्थामा बिजय प्रभावशाली पदमा भएको हुँदा, उनको "मैत्री" व्यवहारलाई पनि अस्वस्थ वा असभ्य रूपमा हेरिन्छ।

**यौन उत्पीडन, शोषण र दुर्व्यवहारको घटना रिपोर्ट गर्नु महत्वपूर्ण भएसँगै आफ्ना व्यवहारले यौन उत्पीडन, शोषण, र दुर्व्यवहारको संस्कृतिलाई बढ़ावा दिइरहेको त छैन भनेर विश्लेषण गर्नु पनि उतिकै महत्त्वपूर्ण छ।**

# आफूबाट शुरुवात गर्नुहोस् !!

**यौन उत्पीडन, शोषण र दुर्व्यवहारको (PSHEA)** रोकथाम संस्थागत प्रतिबद्धता भएसँगै यो हामी सबैको जिम्मेवारी हो। यसको शुरुवात हामीले आफूबाट गर्नुपर्छ।



तपाईले यौन उत्पीडन, शोषण, र दुर्व्यवहारको आशंका लाग्ने केही पनि देख्नु वा सुन्नु भएमा रिपोर्ट गर्नु आवश्यक छ। तपाईले जति चाडो आफ्ना आशंकाहरु रिपोर्ट गर्नुहुन्छ, त्यतिनै चाडो ति माथि कारवाही र सुनुवाई भई हामी आफ्ना कर्मचारी तथा सामुदायका व्यक्तिहरुलाई सुरक्षित राख्दै यस्ता घटना घट्नू/भोग्नूबाट जोगाउन सक्छौ।

याद राख्नुहोस्, रिपोर्ट गर्नका लागि तपाईसंग सम्पूर्ण जानकारी हुन आवश्यक छैन। यदि तपाई दुई व्यक्ति बीच अस्वाभाविक वा असहज अन्तरक्रियाको प्रत्यक्षदर्शी हुनुहुन्छ भने रिपोर्ट गर्नुहोस्। यदि तपाईले कुनै उच्चपदस्थ कर्मचारीले कुनै कार्यक्रम सहभागीलाई अस्वाभाविक समयमा भेटेको हल्ला सुन्नुभयो भने रिपोर्ट गर्नुहोस्। यस्ता अवस्थामा आफ्नो वृत्तिमाथि भरपर्नु नै बेस हुन्छ। तपाईसंग सम्पूर्ण जानकारी नभए पनि आफ्ना आशंकाहरुलाई रिपोर्ट गर्नु आवश्यक छ। यदि तपाईले केही देख्नु भयो भने केही अवश्य भन्नुहोस्।



# व्यक्तिगत जिम्मेवारी

**जब तपाई CARE को लागी काम गर्नुहुन्छ, तब तपाई हाम्रा मूल्य तथा मान्यतालाई कायम राख्दै हाम्रा नीति-नियमहरु को पालना गर्ने, र हाम्रो PSHEA को प्रतिबद्धतालाई सुदृढ गर्ने व्यक्तिगत जिम्मेवारी स्वीकार गर्नुहुन्छ। तपाईंको व्यवहारले यौन उत्पीडन, शोषण र दुर्व्यवहारको संस्कृतिलाई बढ़ावा दिरहेको छैन भन्ने सुनिश्चित गर्नुहोस्।**

**याद राख्नुहोस् कुनै गतिविधि तपाईलाई आपत्तिजनक नलागे पनि सो गतिविधि अरु कसैका लागि आपत्तिजनक हुन सक्छ। सबै व्यक्तीले उपयुक्त व्यवहारको बारेमा समान धारणा नराख्न सक्छन्। साथै, तपाईले अनुपयुक्त व्यवहार विरुद्ध आवाज उठाएर सुरक्षित र सहयोगी संस्कृति सिर्जना गर्न सकारात्मक भूमिका खेल्नु जरूरी छ।**

# सुशीलाले के गर्न सक्थिन्?



**अब बिजय, बबीता र सुशीलाको कथालाई फेरी नियालौं। सुशीला ३ वटा शंकास्पद घटनाको प्रत्यक्षदर्शी थिइन्। उनले यी घटनाहरू प्रति तुरुन्त प्रतिक्रिया जनाउन सक्थिन्।**

**"के तिमीहरु अरु सबै गएपछि मसँग केही समय बिताउन चाहन्छौ? मैले मेरो गितार पनि ल्याएको छु।"**

सुशीलाले बबीता र बिनितालाई उनीहरुले आफ्ना आमा बुवाको अनुमति लिएका छन् की छैनन् भनेर सोध्न सक्थिन्। उनले बिजयसँग ढिलोसम्म समय बिताउन उनीहरू सहज महसुस गर्छन् की गर्दैनन् भनि सोध्न सक्थिन्। सुशीला पनि उनीहरू सँगै ढिलोसम्म बसेर उनीहरूको सुरक्षा सुनिश्चित गर्न सक्थिन्। यस पश्चात्, उनले तुरुन्तै CARELine (care.ethicspoint.com) मा यो घटना रिपोर्ट गर्न सक्थिन्।

**"हिजो रमाइलो भयो है। तिमीलाई तिम्रो पढ़ाईमा केही मद्दत चाहिएको जस्तो छ। म तिमीलाई मद्दत गर्न चाहन्छु।"**

सुशीलाले यो घटनालाई अरू कार्यक्रम सहभागीले सँगै पढ्न सक्ने अवसरको रूपमा प्रयोग गर्न सक्थिन्। उनले बबीतालाई बिजय माथि भर पर्नु भन्दा पढ़ाईमा अव्वल रहेकी अर्की कार्यक्रम सहभागी रक्षासँग पढ्ने सुझाव दिन सक्थिन्। यस पश्चात्, उनले तुरुन्तै CARELine (care.ethicspoint.com) मा यो घटना रिपोर्ट गर्न सक्थिन्।

**"बबीता, के तिमी मलाई आजको कार्यक्रम पछि भण्डारमा पुस्तकहरू व्यवस्थित गर्न मद्दत गर्न सक्छौ?"**

सुशीलाले बबीतालाई यदि उनलाई सहज महसुस हुने भए आफू पनि उनको मद्दत गर्न ईच्छुक भएको भनि प्रस्ताव राख्न सक्थिन्। सुशीलालाई वास्तवमा बिजयलाई मद्दत चाहिएको छैन भन्ने थाहा थियो। यस पश्चात्, उनले तुरुन्तै CARELine (care.ethicspoint.com) मा यो घटना रिपोर्ट गर्न सक्थिन्।

# प्रभावित व्यक्ति-केन्द्रित दृष्टिकोण

बिजयको यस व्यवहारलाई सुशीला, बबीता, बिनिता वा जोसुकै प्रत्यक्षदर्शीले रिपोर्ट गरेको भएतापनि हाम्रो प्रभावित व्यक्ति-केन्द्रित दृष्टिकोण भने समान नै रहन्छ। साथै, अनुसन्धानलाई विवेकपूर्ण र गोप्य बनाउन उचित प्रयासहरू गरिन्छन्। साथै, प्रभावित व्यक्तिको इच्छया र सुरक्षा र रिपोर्ट गर्ने व्यक्तिको सुरक्षा हरेक प्रतिक्रियामा हाम्रो प्राथमिकतामा रहन्छन्।



यदि तपाई प्रभावित व्यक्ति हुनुहुन्छ भने:

- प्रतिक्रियाको प्रकार र पद्धति निर्धारणमा तपाईको आवाजले स्थान पाउने छ।
- PSHEA Focal Point ले तपाईको सहायता गर्नेछन्।
- तपाईलाई मनोसामाजिक र चिकित्सकको सहायता उपलब्ध गराइनेछ।

यस यात्रामा तपाई एकलै हुनु हुन्न।



# PSHEA लाई प्रतिक्रियामा बदल्नुहोस्।

यौन उत्पीडन, शोषण र दुर्व्यवहारको (PSHEA) रोकथाम एक संगठनात्मक प्रतिबद्धता हो र यो तपाईंबाट सुरु हुन्छ। CARE यौन उत्पीडन, शोषण र दुर्व्यवहारबाट मुक्त छैन। सबै क्षेत्र र कार्यस्थलहरूमा केही व्यक्तिहरूले आफ्नो पदको अनुचित फाइदा उठाउने र अरुको उत्पीडन गर्ने गरेको पाइन्छ र यो एक कटु वास्तविकता हो। तसर्थ तपाईंले आफ्नो वरीपरी भईरहेका गतिविधि प्रति सजग र सचेत रहनुपर्छ। यदि तपाईले यौन उत्पीडन, शोषण, र दुर्व्यवहारको आशंका लाग्ने केही पनि देख्नु वा सुन्नु भएमा त्यसको प्रतिक्रियामा आवज उठाउनु र रिपोर्ट गर्नु आवश्यक छ। रिपोर्टिङले हाम्रा लाभार्थीको सुरक्षा सुनिश्चित गर्छ। हाम्रो शून्य-सहनशीलताको दृष्टिकोणले सबै रिपोर्टहरूलाई गम्भीरता पूर्वक लिने सुनिश्चित गर्दछ। यौन उत्पीडन, शोषण, र दुर्व्यवहार (PSHEA) को रोकथामको लागि हाम्रो प्रतिबद्धतालाई प्रतिक्रियामा परिणत गर्दै हाम्रा कार्यक्रम सहभागीहरू तथा सहकर्मीहरूका लागि सुरक्षित वातावरणको सिर्जना गर्ने सुरुवात तपाईंबाट हुन्छ।

# निष्कर्ष

यस सत्रमा, तपाईंले यौन उत्पीडन, शोषण, र दुर्व्यवहार (PSHEA) को रोकथाममा आफ्नो भूमिकाको चर्चा गर्नुभएको छ। तपाईंले आफ्नो र अरूको सुरक्षा सुनिश्चित गर्न के-कस्ता कदम चाल्न सक्नुहुन्छ भन्ने बारे जानकारी पाउनु भएको छ। याद राख्नुहोस् यौन उत्पीडन, शोषण, र दुर्व्यवहारको (PSHEA) रोकथामको सुरुवात तपाईंबाट हुन्छ! यस पछिको सत्रले तपाईंलाई रिपोर्टिङ के कसरी गर्ने, सम्बन्धित नीति तथा प्रायः सोधिने प्रश्नहरूको बारेमा जानकारी दिनेछ।

# सत्र ६ः रिपोर्टिंग के कसरी गर्ने तथा प्राय सोधिने प्रश्नहरु

# रिपोर्ट कसरी बुझाउने



**पछिल्ला सत्रहरुमा तपाईहरुले CARE कर्मचारीले देखेका, सुनेका र आशंका गरेका यौन उत्पीडन, शोषण र दुर्व्यवहारका घटनाहरुका बारेमा थाहा पाउनु भयो। ती घटनाहरुलाई पुनरवालोकन गरौं। समीक्षाकालागी हरेक घटनामा click गर्नुहोस्।**



## सुशीलाले केही शंकास्पद देख्छिन्

सुशीलाले बबीतालाई बिजयले अनुपयुक्त रूपमा छोएको र बबीतासँग एक्लै समय बिताउने वातावरण मिलाइरहेको देख्छिन्।



## निनाले ईशासँग एउटा घटनाको जिकिर गर्छिन्

निनाले सन्तोषललाई ईशाको हातमा चोट पुर्याएको र रिसाहा प्रवृतिमा उनीसँग पेश आएको देख्छिन्। निनाले ईशासँग यसबारे कुरा गर्छिन् र यौन उत्पीडन भइरहेको आशंका गर्छिन्।




## प्रिया आफूले देखेको दृश्यले शसंकित हुन्छिन्

प्रियाले जीवनलाई १८ वर्ष मुनिका कार्यक्रमका सहभागीहरूको शरीरलाई अनुपयुक्त ढंगले हेर्दै गरेको र त्यस माथि टिप्पणी गरिरहेको देख्छिन्।

माथिका हरेक कथामा, CARE कर्मचारीले आफूले देखेका, सुनेका वा आशंका गरेका घटनाहरू रिपोर्ट गर्न आवश्यक थियो। यस सत्रमा, हामी तपाईंलाई CAREline प्रयोग गरेर कसरी रिपोर्ट गर्ने भन्ने बारे जानकारी दिन्छौं। यस क्रममा हामी हाम्रा सम्बन्धित नितिहरुको पनि समीक्षा गर्नेछौं र केही प्रायः सोधिने प्रश्नहरूका उत्तर पनि दिनेछौं।

**अनलाइन रिपोर्ट गर्नका लागि, तपाईंले CAREline प्रयोग गर्नुपर्नेछ। रिपोर्टिंग सुरु गर्न आफ्नो कम्प्युटर वा मोबाइल उपकरणमा care.ethicspoint.com मा जानुहोस्।**




१. "Report a Concern Online" मा Click गर्नुहोस्।
२. त्यसपछि आफू रहेको देश छान्नुहोस्। त्यसपछि तपाईले रिपोर्ट गर्न लागेको घटना घटेको देश छान्नुहोस्। यी दुबै स्थान एक वा फरक हुन सक्छन्। "Continue" मा Click गर्नुहोस्।
३. त्यसपछि तपाईले रिपोर्ट गर्न खोजेको घटनाको प्रकृति छान्नुहोस्। यदि तपाई घटनाको प्रकृतिको बारेमा निश्चित हुनुहुन्न भने, "other" छान्नुहोस्।
४. घटनाको प्रकृति छानिसकेपछि तपाई नयाँ पानामा पुग्नुहुन्छ।
५. यस नयाँ पानामा तपाईले रिपोर्ट गर्न खोजेको घटनाको बारेमा आफूलाई थाहा भएको जानकारीहरू भर्नुपर्नेछ।
६. पहिलो प्रश्नले तपाईंले रिपोर्ट गरिरहनुभएको घटनाको लागि ९११, प्रहरी वा एम्बुलेन्स जस्ता आपतकालीन सेवालाई सम्पर्क गर्न आवश्यक भए नभएको प्रमाणित गर्न लगाउनेछ। यदि घटनालाई आपतकालीन सेवाको आवश्यकता पर्छ भने, आफ्नो स्थानीय अधिकारीहरूलाई तुरुन्तै सम्पर्क गर्नुहोस् र घटनालाई सम्बोधन गरिसकेपछि मात्र आफ्नो रिपोर्टिंग शुरू गर्नुहोस्।
७. अर्को प्रश्नले तपाईलाई रिपोर्टिंगको क्रममा आफ्नो गोपनीयता कायम राख्न चाहनुहुन्छ भने सो छनोट गर्ने अवसर दिन्छ। यदि तपाईँ आफ्नो पहिचान साझा गर्न असहज महसुस गर्नुहुन्छ र गुमनाम रहन चाहनुहुन्छ भने, "Yes" चयन गर्नुहोस्। एक गुमनाम रिपोर्टरको रूपमा, तपाईंको रिपोर्ट पेश गरेपछि एउटा "Security Key" दिइनेछ। यस Security Key ले प्रतिक्रिया दिने व्यक्तिलाई तपाईंको गोपनीयता कायम राख्दै इमेल मार्फत

तपाईसँग सम्पर्क गर्न अनुमति दिनेछ। रिपोर्टिंगको क्रममा तपाईको पहिचान खुल्ने गरि कुनै पनि सूचना मागिनेछैन। यद्यपि, यदि तपाइँ आफ्नो पहिचान साझा गर्न चाहनु हुन्छ भने, "No" चयन गर्नुहोस्। तपाईंले रिपोर्टमा प्रदान गर्नुभएको जानकारी मार्फत तपाईंलाई सम्पर्क गरिनेछ।


८. तपाईंले यो प्रश्नको छेउमा रहेको रातो asterisk (*) चिन्ह याद गर्नुभयो होला। यसको अर्थ यो आवश्यक प्रश्न हो। तपाईंले रातो asterisk (*) चिन्ह भएका सबै प्रश्नहरूको जवाफ दिन आवश्यक छ। यद्यपि, रातो asterisk(*) चिन्ह नभएका सबै प्रश्नहरू ऐच्छिक हुन्।


९. यदि तपाईंलाई रातो asterisk (*) चिन्ह नभएको कुनै प्रश्नको जवाफ थाहा छैन भने, त्यसलाई खाली छोड्नुहोस्। सकेसम्म धेरै जानकारी र विवरणहरु प्रदान गर्नुहोस्। यदि रातो asterisk (*) चिन्ह भएको कुनै प्रश्नको जवाफमा निश्चित हुनुहुन्न भने, सक्दो उचित जवाफ दिनुहोस्।


१०. अब हामी फारम हेरौं र सँगै एउटा रिपोर्ट गरौं।


११. रिपोर्टको अन्त्यमा तपाईंलाई Password बनाउन भनिनेछ। Password बनाउनुहोस् र त्यसपछि "submit" click गर्नुहोस्।

१२. हाम्रो रिपोर्ट पेश भयो! अब रिपोर्ट पेश भएपछि के हुन्छ त, हेरौं।



**रिपोर्ट पेश भएपछि, अनुसन्धान प्रक्रिया सुरु हुनेछ। एउटा रिपोर्ट कसरी अनुसन्धान बन्छ भनेर हेर्न प्रत्येक चरणमा Click गर्नुहोस्।**

## उजुरीकर्ताले रिपोर्ट गर्छन्

उत्पीडन भोग्ने व्यक्ति (कथित प्रभावित व्यक्ति) वा यौन उत्पीडन, शोषण, वा दुर्व्यवहारको घटनाको बारे सुनेका अथवा शसंकित भएका व्यक्ति वा प्रत्यक्षदर्शीले CAREline (care.ethicspoint.com) जस्ता स्थापित रिपोर्टिङ च्यानल प्रयोग गरी रिपोर्ट गर्छन्।

## रिपोर्टको सूचना प्राप्त हुन्छ

घटनाको बारेमा रिपोर्ट प्रणालीमा दर्ता हुन्छ, र Safeguarding र PSHEA टोलीलाई यस बारे सूचित गरिन्छ। यदि रिपोर्टमा यौन उत्पीडनको आरोप समावेश छ भने, HR Generalist (HRG) लाई पनि सूचित गरिन्छ।

## रिपोर्टको समीक्षा गरिन्छ

Safeguarding र PSHEA टोली तथा कानुन प्रतिनिधिले प्रारम्भिक समीक्षा सञ्चालन गरेर सम्बन्धित राष्ट्रिय कार्यालयको PSHEA Focal Point सँग सम्पर्क गर्छन्। सामूहिक रुपमा घटनाको जोखिम मूल्याङ्कन गरेर रिपोर्ट गर्ने व्यक्ति र प्रभावित व्यक्ति(हरू) को लागि कुनै सुरक्षा खतरा भए नभएको निर्धारण गरिन्छ।

टोलीले त्यसपछि घटना बमोजिम प्रतिक्रियाको प्रकार निर्धारण गर्छन्। उदाहरणका लागि, यदि रिपोर्टमा पर्याप्त जानकारी प्रदान गरिएको छैन भने, अनुसन्धान सुरु गर्नु पूर्व थप जानकारीका लागी रिपोर्ट गर्ने व्यक्तिसँग सम्पर्क गरिन्छ। यदि रिपोर्टमा CARE Member Partner (CMP) वा दातृ निकाय समावेश छ भने, उनीहरुलाई रिपोर्ट समीक्षा गरिँदैछ भनि सूचित गरिन्छ। विस्तृत अनुसन्धान मात्रै हरेक परिस्थितिमा रिपोर्ट प्रति उपयुक्त प्रतिक्रिया हुँदैन र कतिपय रिपोर्टहरूमा एक साधारण तथ्य पत्ता लाउने सोधपुछ पनि पर्याप्त हुन्छ। यस्तो खण्डमा पर्याप्त जानकारी प्राप्त भएपछि रिपोर्ट दर्ता हुन्छ र रिपोर्ट बन्द हुन्छ।

## अनुसन्धान शुरू हुन्छ

यसले रिपोर्ट गरिएको घटना सत्य हो वा होइन भन्ने कुरा निर्धारण हुन्छ। अनुसन्धानको नतिजाले CARE नीति उल्लङ्घन भए नभएको निर्धारित गर्छ। अनुसन्धानको कार्य प्रशिक्षण प्राप्त PSHEA अनुसन्धानकर्ताहरुले तथ्य केलाउने मनसायले एक सख्त तर संवेदनशील प्रक्रिया अपनाई गरिन्छ। अनुसन्धानका दौरान रिपोर्ट गर्ने व्यक्ति, प्रभावित व्यक्ति(हरु) र साक्षी(हरु) प्रति सम्मानजनक व्यवहार गरिनेछ। विवेकपूर्ण र गोप्य अनुसन्धान सञ्चालन गर्न सबै प्रयासहरू गरिनेछन्। यसमा गुनासोको विषयको गोपनीयता समावेश गरिएको हुनेछ ।

## अन्तिम प्रतिवेदन तयार हुन्छ

अनुसन्धानको अन्तिम प्रतिवेदन तयार भएपछि निर्णायक प्यानल वा अनुशासन समिति समक्ष पेश गरिन्छ।

## अनुसन्धानमा सङ्कलन गरिएका प्रमाणका आधारमा रिपोर्ट गरिएको आरोप पुष्टि हुने सम्भावना बढी भएको खण्डमा

यदि रिपोर्ट गरिएको आरोप पुष्टि हुने सम्भावना बढी भएको अवस्थामा, समितिले कानुनी प्रक्रिया(हरू) र उपयुक्त कारबाही(हरू) बारे विचार गर्नेछ। समितिले प्रभावित व्यक्ति(हरु) सँग अन्तरक्रिया गरेर व्यवस्थापनले गर्ने उपयुक्त कारबाही बारे निर्णय गर्नेछ। यसपश्चात निर्णयको कार्यान्वयन हुनेछ। समितिले संलग्न सरोकारवालाहरूसँग छलफल गर्नेछ साथै, प्रभावित व्यक्ति(हरू) लाई सहयोगको लागि बाह्य स्रोत र सेवाहरू उपलब्ध गराउने प्रस्ताव गर्नेछ।

## अनुसन्धानमा सङ्कलन गरिएका प्रमाणका आधारमा रिपोर्ट गरिएको आरोप पुष्टि नहुने सम्भावना बढी भएको खण्डमा

यदि रिपोर्ट गरिएको आरोप पुष्टि हुने सम्भावना छैन भने समितिले संलग्न सरोकारवालाहरूसँग छलफल गर्नेछ। यदि सो रिपोर्ट झुटा आरोप लगाउने मनसायले गरिएको हो भनेर विश्वास गर्ने कारण छ भने, समितिले थप अनुसन्धानको आवश्यकता माथि विचार गर्नेछ।

## रिपोर्ट बन्द गरिनेछ

अन्तिम रिपोर्ट पेश भएपछि निर्धारित कारवाहीको कार्यन्यवन गरि सम्पूर्ण प्रक्रियालाई दस्तावेजीकरण गरिनेछ र यो विषयलाई औपचारिक रूपमा बन्द गरिनेछ।

# PSHEA बारे हाम्रो नीति

PSHEA बारे हाम्रो नीति, हाम्रा कर्मचारी, कार्यक्रम सहभागीहरू तथा साझेदारहरूको अधिकार रक्षाका लागि स्थापना गरिएको थियो । CARE International को PSHEA सम्बन्धि रोकथाम नीति "**हामी कसैलाई हानी गर्दैनौ**" बमोजिम हाम्रा सीमा, निर्देशनहरू तथा असल अभ्यासहरू स्थापना गर्न आधारशिला बनेको छ।

तपाईंले हाम्रो नीतिको प्रत्येक बूँदा बुझ्न आवश्यक नभएता पनि आधारभूत जानकारीहरु लिन भने आवश्यक छ। आउनुहोस् CARE मा सबैका लागि सुरक्षित वातावरण कायम राख्न मद्दत गर्ने हाम्रो नीतिका केही भागहरूको बारेमा जानौ। हामीले नितिलाई पूर्ण रुपमा विश्लेषण गरेर यसलाई संक्षिप्त र अनौपचारिक भाषामा तपाईलाई बुझ्न र छलफल गर्न सजिलो हुने गरि पेश गरेका छौं।

**शून्य सहनशीलता**

"यौन उत्पीडन, शोषण, दुर्व्यवहार र बाल शोषण प्रति CARE ले शून्य सहनशीलताको दृष्टिकोण लिएको छ। हामीले प्रभावित व्यक्ति-केन्द्रित दृष्टिकोणसँग सुसंगत, प्रभावित व्यक्तिको अधिकार र हितलाई ध्यानमा राखेर, आरोपहरूलाई ध्यानपूर्वक छानबिन गरि आवश्यकता बमोजिम उपयुक्त अनुशासनात्मक कारबाही अघि बढाउनेछौं। हाम्रा कर्मचारी, साझेदार वा अन्य सम्बन्धित कर्मचारीले कसैलाई पनि यौन उत्पीडन, शोषण, दुर्व्यवहार र बाल शोषण गरेको पाइएमा सो असह्य हुने छ भन्नेमा हामी स्पष्ट छौं।"

**स्पष्टीकरण:** "शून्य सहनशीलता" भन्नाले हामी यौन उत्पीडन, शोषण र दुर्व्यवहारको रिपोर्ट प्राप्त गर्दा कारबाही गर्नेछौं, आरोपहरूको ध्यानपूर्वक छानबिन गर्नेछौं, र त्यस्ता रिपोर्टहरूको छानबिन गर्दा हामी निष्पक्ष हुने सुनिश्चित गर्नेछौं। हामी CARE का प्रतिनिधिको रूपमा, सही र गलत बारे स्पष्ट धारणा राख्छौं। अन्य व्यक्तिहरूलाई चोट पुर्याउनु गलत हो भन्ने हाम्रो दृढ धारणा हो र यदि कोही कर्मचारी, सम्बन्धित व्यक्तिहरू वा कार्यक्रम सहभागीहरूले कसैलाई चोट पुर्याएको भनि निष्पक्ष अनुसन्धानले निर्धारण गर्छ भने सो व्यक्तिलाई उपयुक्त दण्ड सजाय दिनमा हामी प्रतिबद्ध छौं।

## यौन सम्बन्ध कायम गर्न सामान वा अन्य लाभहरु आदानप्रदान गर्ने

"CARE कर्मचारी वा सम्बन्धित कर्मचारीको रूपमा, म यौन सम्बन्ध कायम गर्नका लागि पैसा, रोजगारी, सामान वा सेवाहरू साट्ने छैन। (यौन सम्बन्ध भन्नाले यौन जनक लाभ तथा अन्य प्रकारका अपमानजनक वा शोषण हुने व्यवहार समेतलाई जनाउदछ।) म कुनै पनि समयमा कसैसँग पैसा तिरेर यौन सम्बन्ध बनाउदिन साथै, यौन सम्बन्धको सट्टामा कार्यक्रम सहभागीहरू वा लाभार्थीहरूलाई दिनु पर्ने सहायताको आदानप्रदान गर्ने छैन।"

**स्पष्टीकरण:** कठिन परिस्थितिबाट निराश भएका व्यक्तिहरु अरूहरू भन्दा सजिलै त्रसित, प्रभावित वा नियन्त्रित हुन सक्छन्। पैसा, खाना, आश्रय, कपडा र सुरक्षा खोजीरहेका बालबालिका वा परिवारहरु हुन यस्तो वर्गमा पर्ने गर्दछन्। यी सुविधाहरुमा पहुँच भएका केही व्यक्तिहरुले त्यस्ता निराश व्यक्तिहरूबाट यौनजन्य अनुग्रहको बदलामा यस्ता वस्तुहरू उपलब्ध गराउने प्रस्ताव गर्न सक्छन्। यो गलत र हानिकारक छ भन्नेमा हामी प्रष्ट छौं। हाम्रा कर्मचारी र हामीसँग आबद्ध सबैले यौन अनुग्रहको सट्टामा पैसा वा अन्य वस्तुहरू दिनु हुँदैन। यसमा यौनकर्मीहरूको सेवाको लागि गरिने भुक्तानी पनि समावेश छ।

केही व्यक्तिहरुलाई आफूसँग पैसा नभएको कारणले हताश भएर यौन व्यापार बाहेक आफूसँग अरू केही विकल्प छैन जस्तो लाग्न सक्छ। उनीहरूलाई बाँच्नको लागि पैसा कमाउनु आवश्यक छ। यस्ता व्यक्तिहरुले पनि सम्मानजनक जिवन यापन गर्न पाउनुपर्छ भन्ने हाम्रो मान्यता हो। यौनकर्मीहरूले स्व:इच्छाले यस्तो काम रोज्छन् भन्ने कुनै तथ्य छैन। हताश व्यक्तिहरूले अरु विकल्पको अभावमा यो पेशा रोजेको वा जबर्जस्ती बेचबिखनका कारण यो पेशामा संलग्न भएको हुन सक्छन् । जोखिममा भएका समुदाय तथा व्यक्तिहरू मर्यादाको रक्षा गर्नु पनि CARE को मिशन हो र हाम्रा कर्मचारी र सम्बन्धित व्यक्तिहरूले पनि यही धारणा राख्छन् भन्ने हाम्रो विश्वास छ। यदि CARE कर्मचारीहरूले यौनकर्मीहरूबाट यौन सेवाहरू लिन्छन् भने उनीहरूलाई CARE द्वारा दण्डित गरिनेछ, संस्थाबाट निलम्बन गरिनेछ, र सम्भवतः प्रहरीमा पनि रिपोर्ट गरिनेछ। यसको परिणाम स्वरूप उनीहरूलाई आपराधिक सजाय हुन सक्छ।

## कार्यक्रम सहभागीहरूसँग यौन सम्बन्ध

"CARE कर्मचारी वा सम्बन्धित व्यक्तिहरूको रूपमा, म कार्यक्रम सहभागी/लाभार्थीहरूसँग कुनै पनि यौन गतिविधि वा यौन सम्बन्धमा संलग्न हुने छैन। यस्ता सम्बन्धहरू निषेधित छन् भन्ने बारे मलाई जानकारी छ। त्यस्ता सम्बन्धहरू मेरो पदको अनुचित प्रयोग र स्वाभाविक असमान शक्ति संयन्त्रले प्रभावित छन् साथै यसले CARE को कामको विश्वसनीयता र अखण्डतालाई हानी गर्न सक्छ। यदि कुनै कार्यक्रम सहभागीहरू/लाभार्थीहरूसँग मेरो सम्बन्ध छ भने सो बारे सुरूमै मैले मेरो लाइन प्रबन्धक वा मानव संसाधन प्रबन्धकलाई घोषणा गर्नुपर्छ। म यस प्रतिबन्ध सम्बन्धित उपयुक्त मार्गदर्शन व्यवस्थापनसंग खोज्नेछु।"

**स्पष्टीकरण:** CARE को लागि काम गर्दा तपाई विवेकशील र जिम्मेवार हुनहुन्छ भन्ने अपेक्षा गरिन्छ। यसको अर्थ तपाई आफ्नो, संस्थाको र हाम्रा लाभार्थीहरु प्रति आदरको भावना राख्नुहुन्छ। तपाईलाई CARE ले खाना वा आश्रय दिई सहायता गरेको कुनै लाभार्थीलाई चिन्ने र सम्बन्ध राख्ने इच्छा हुनसक्छ। यद्यपि, यसले उनीहरूसँगको तपाईको सम्बन्धका कारण उनीहरूले CARE बाट मद्दत पाइरहेका छन् भन्ने धारणा सिर्जना गर्न सक्छ। यस अवस्थामा उनीहरूले आवश्यक सहायता प्राप्त गर्नको लागि तपाईसँग सम्बन्ध राख्नुपर्छ भन्ने बुझ्न सक्छन्, र यो उचित होइन। यदि तपाईलाई CARE ले मद्दत गर्ने कसैसँग सम्बन्ध राख्ने इच्छा छ भने, यस बारेमा तपाईले पहिले आफ्नो प्रबन्धक, HR, वा PSHEA Focal Point सँग कुरा गर्नुपर्छ।

## आशंकाहरु रिपोर्ट गर्ने

"यौन उत्पीडन, शोषण, दुर्व्यवहार र बाल शोषण रोक्ने, रिपोर्ट गर्ने र प्रतिक्रिया दिने दायित्व हरेक CARE कर्मचारी तथा सम्बन्धित व्यक्तिहरूको हो।"

**स्पष्टीकरण:** यदि तपाईलाई कसैले नियमहरू उल्लंघन गरेर कार्यालयमा अरू कर्मचारी वा लाभार्थीहरुलाई हानी हुने व्यवहार गरेको शंका लाग्छ भने रिपोर्ट गर्नुहोस्। यसको आधारमा हामी सत्य-तथ्य पत्ता लगाउनेछौं। तपाईले care.ethicspoint.com मा अनलाइन रिपोर्ट पेश गर्न सक्नुहुन्छ वा मद्दतको लागि आफ्ना प्रबन्धक, HR, वा PSHEA Focal Point सँग सम्पर्क गर्न सक्नुहुन्छ। यदि तपाई आफ्नो नाम र इमेल प्रयोग गर्न असहज वा असुरक्षित महसुस गर्नुहुन्छ भने, तपाई CAREline मार्फत अज्ञात रूपमा रिपोर्ट गर्न सक्नुहुन्छ।

# प्रायः सोधिने प्रश्नहरु

यस सामग्रीमा तपाईंलाई यौन उत्पीडन, शोषण, र दुर्व्यवहार (PSHEA) को रोकथाम बारे बुझ्न र रोकथामलाई समर्थन गर्न मद्दत गर्ने पर्याप्त कुराहरू समावेश गरिएको छ। यद्यपि, थप सिक्ने क्रममा तपाईँसँग यौन उत्पीडन, शोषण र दुर्व्यवहार के हो र होइन भन्ने बारे थप प्रश्नहरू उठ्न सक्ने सम्भावना छ। त्यसैले यहाँ प्रायः सोधिने प्रश्नहरूको उत्तरहरू समावेश गरिएकाछन्।

## Q रिपोर्ट गर्ने र कहिले रिपोर्ट गर्ने?

तपाईले यौन उत्पीडन, शोषण, र दुर्व्यवहारको आशंका लाग्ने केही पनि देख्नु वा सुन्नु भएमा रिपोर्ट गर्नु आवश्यक छ। तपाईले जति चाँडो आफ्ना आशंकाहरू रिपोर्ट गर्नुहुन्छ, त्यति नै चाँडो ती माथि कारबाही र सुनुवाई भई हामी आफ्ना कर्मचारी तथा लाभार्थीलाई सुरक्षित राख्दै यस्ता घटना घट्न्/भोग्नूबाट जोगाउन सक्छौं। याद राख्नुहोस्, रिपोर्ट गर्नका लागि तपाईसँग सम्पूर्ण जानकारी हुन आवश्यक छैन। यदि तपाई भोजनालयमा दुई व्यक्ति बीच अस्वाभाविक वा असहज अन्तरक्रियाको प्रत्यक्षदर्शी हुनुहुन्छ भने रिपोर्ट गर्नुहोस्। यदि तपाईले कुनै उच्चपदस्थ कर्मचारीले कुनै कार्यक्रम सहभागीलाई अस्वाभाविक समयमा भेटेको हल्ला सुन्नुभयो भने रिपोर्ट गर्नुहोस्। यस्ता अवस्थामा आफ्नो वृत्तिमाथि भरपर्नु नै बेस हुन्छ। तपाईसँग सम्पूर्ण जानकारी नभए पनि आफ्ना आशंकाहरूलाई रिपोर्ट गर्नु आवश्यक छ।

## Q मैले रिपोर्ट गरेको खण्डमा सबैले थाहा पाऊँछन् भन्ने डर लाग्छ। म के गरौं?

CAREline मा गरीएका रिपोर्टहरु एटलान्टा, जिओर्जिया, संयुक्त राज्य अमेरिकामा अवस्थित कानून विभागमा पठाइन्छन र सो रिपोर्टहरु एउटा सानो समूहले मात्र हेर्न सक्छन्। सो समूहको दायित्व यस्ता रिपोर्टहरुको गोपनीयता कायम राख्नु हो। रिपोर्टहरुलाई तपाईको विभाग वा प्रबन्धकसँग खुलाइनेछैन । यदि तपाईंलाई आफ्नो नाम र इमेल प्रयोग गर्न असहज वा असुरक्षित महसुस गर्नुहुन्छ भने तपाइँ CAREline मार्फत अज्ञात रूपमा पनि रिपोर्ट गर्न सक्नुहुन्छ। अनुसन्धानको कार्य प्रशिक्षण प्राप्त PSHEA अनुसन्धानकर्ताहरूले तथ्य केलाउने मनसायले एक सख्त तर संवेदनशील प्रक्रिया अपनाई गर्नेछन्। विवेकपूर्ण र गोप्य अनुसन्धान सञ्चालन गर्न सबै प्रयासहरू गरिनेछन्। यसमा गुनासोको विषय (SOC) को गोपनीयता समावेश गरिएको हुनेछ। अनुसन्धानका दौरान रिपोर्ट गर्ने व्यक्ति, प्रभावित व्यक्ति(हरू) र साक्षी(हरू) प्रति सम्मानजनक व्यवहार गरिनेछ। रिपोर्टिङ देखि व्यवस्थापनको कारबाही सम्म हाम्रो सम्पूर्ण प्रक्रियामा प्रभावित व्यक्ति-केन्द्रित दृष्टिकोण अपनाइएको हुनेछ।

## Q यदि म यौन उत्पीडनको सिकार भएको छु भने मैले के गर्न सक्छु?

यस्तो खण्डमा तपाईंले CAREline (care.ethicspoint.com) मा रिपोर्ट गर्नुलाई प्रोत्साहित गरिन्छ। यदि तपाइँ आफ्नो नाम र इमेल प्रयोग गर्न असहज वा असुरक्षित महसुस गर्नुहुन्छ भने तपाइँ CAREline मार्फत अज्ञात रूपमा पनि रिपोर्ट गर्न सक्नुहुन्छ। अथवा यस बारे तपाईंले कुनै प्रबन्धक, मानव संसाधनलाई विभाग, वा PSHEA Focal Point सँग सीधै कुरा गर्न सक्नुहुन्छ।

## Q के यौन उत्पीडन, शोषण र दुव्र्यवहार भनेको पुरुषले महिलालाई गर्ने दुव्र्यवहार मात्रै हो ?

होइन। यौन उत्पीडन, शोषण र दुर्व्यवहार एउटै लिङ्ग वा फरक लिङ्गका दुई व्यक्तिहरू बीच हुन सक्छ। यद्यपि प्रमाणहरू अनुसार पुरुषहरूले दुर्व्यवहार गर्ने सम्भावना बढी भए पनि महिलाहरू पनि पीडक हुन सक्छन्।

## Q के म आफ्नो सहकर्मीसँग प्रेम सम्बन्ध राख्न सक्छु? के आफ्नो सहकर्मीलाई प्रेम प्रस्ताव राख्नु यौन उत्पीडन, शोषण र दुर्व्यवहार हो?

CARE को नीतिले सहकर्मीहरू बीचको प्रेम सम्बन्धलाई निषेध गर्दैन। एउटै विभाग वा समूहमा नभएका तथा एकले अर्कालाई रिपोर्टिंग गर्नु नपर्ने सहकर्मीहरू बीचको सम्बन्धले स्वार्थको द्वन्द्व (Conflict Of Interest) सिर्जना नगर्ला। यद्यपि, यदि दुबै कर्मचारीहरूले एउटै प्रबन्धकलाई रिपोर्ट गर्छन् वा तिनिहरूको कार्य सम्बन्धमा निर्भरताहरू छन् (जस्तै वित्त अनुमोदन निर्भरता), त्यस्तो खण्डमा एक सहकर्मीले अर्को इकाई वा विभागमा स्थानान्तरण गर्न जरुरी छ। रिपोर्टिङ सम्बन्ध वा शक्ति असंतुलन भएको अवस्थामा, थप ध्यान आवश्यक हुन्छ। यस बारे थप विवरण स्वार्थको द्वन्द्व नीतिमा प्रस्ट्याइएको छ। यदि तपाईले प्रस्ताव राख्नु भएको सहकर्मीले आफू इच्छुक नरहेको बताएको खण्डमा दोहोर्याएर नसोध्नुहोस्। दोहोर्याएर प्रस्ताव गर्नुलाई उत्पीडन मानिन्छ भने एउटा विनम्र प्रस्तावलाई मानिँदैन। यदि तपाईको कुनै सहकर्मीसँग सम्बन्ध सुरु हुन्छ भने, स्वार्थको द्वन्द्व (Conflict Of Interest) नीति समीक्षा गरेर यदि नीति द्वारा निर्देशित छ भने मानव संसाधनलाई सम्पर्क गर्नुहोस्।

## Q के मैले मेरो सहकर्मी(हरू) लाई अंकमाल गर्नु यौन उत्पीडन, शोषण, वा दुर्व्यवहार हो?

तपाईले सधैं आफ्ना सहकर्मी(हरू) लाई अंकमाल गर्ने गर्नु भएको छ भने तपाईलाई यो ठीक लाग्न सक्छ। यद्यपि, तपाईले आफ्ना सहकर्मीहरूलाई यो प्रति उनीहरूको धारणाबारे प्रष्ट रूपमा सोध्नु पर्दछ। आफ्ना सहकर्मीहरूलाई सहज महसुस हुनेगरि अभिवादन गर्न जरुरी छ। केही संस्कृतिहरूमा अंकमाल गर्नु अभिवादनको स्वीकार्य तरिका नहुन सक्छ, त्यस्तै केहीमा हात मिलाउनु स्वीकार्य हुँदैन। यदि तपाई अनिश्चित हुनुहुन्छ भने, सोध्नुहोस्। मानिसहरूले यस्तो व्यवहारलाई द्वन्द्व सिर्जना हुने डरले चुनौती नदेलान्, तर जब उनीहरूलाई सोधिन्छ, उनीहरूले तपाईलाई आफ्नो भावना व्यक्त गर्नेछन्। यदि तपाइँ प्रबन्धक वा नेता हुनुहुन्छ भने, तपाइँलाई प्रत्येक अन्तरक्रियामा त्यसको पदको मर्यादाबारे सचेत रहन जरुरी छ। तपाईले कुनै कार्यक्रम पश्चात् आफ्नो अधीनमा कार्यरत कर्मचारीलाई अंकमाल गर्नु र दुई सहकर्मीले एक अर्कासँग अंकमाल गर्नु भिन्न कुरा हुन। तपाइँले यसरी कसैलाई अंकमाल गर्नु आफ्नो पद र शक्तिको दुरुपयोग गरेको रूपमा हेर्न सकिन्छ। यदि कसैको हाउभाउले उसलाई यस्तो व्यवहार असहज लाग्छ जस्तो बुझिएमा उसलाई अंकमाल नगर्नू नै ठीक हुन्छ। यदि तपाई अनिश्चित हुनुहुन्छ भने, सोध्नुहोस्।

## Q कुनै सहकर्मी वा प्रबन्धकले मेरो कपडा वा रूपरंग मा टिप्पणी गरे, के त्यो यौन उत्पीडन, शोषण र दुर्व्यवहार हो?

यो टिप्पणीको प्रकृतिमा भर पर्ने कुरा हो। कर्मचारीलाई कार्यस्थल उपयुक्त लुगा लगाउन सल्लाह दिनुलाई सामान्यता यौन उत्पीडनको रूपमा हेरिँदै। तर, आफ्नो प्रबन्धकलाई प्रभावित पार्न वा पदोन्नति प्राप्त गर्ने मनसायले लुगा लगाउन कुनै कर्मचारीलाई सल्लाह दिनु भनेको यौन उत्पीडन हो। त्यस्तै, "कस्तो राम्रो स्वेटर" जस्तो सरल प्रशंसा उत्पीडन नभए पनि यदि त्यस्तो प्रशंसा पछि "यसले तपाईको शरीर राम्रो देखिएको छ" जस्तो यौन जन्य सुझाव वा अश्लील इशारा गर्नु भने यौन दुर्व्यवहार हो। यसको मूल अर्थ सो टिप्पणीले कार्यस्थलमा प्रतिकूल वातावरण सिर्जना गर्छ की गर्दैन भन्ने हो ।

## Q अघिल्लो दिन, एक सहकर्मीले मलाई हल्का यौन सामग्री भएको चुट्किला सुनाए। मलाई चुट्किला अपमानजनक लागेन र हामी दुबै चुट्किला सुनेर हास्यौं। के यो चुट्किला यौन उत्पीडन, शोषण र दुर्व्यवहारको उदाहरण हो?

चुट्किला स्वयंमा यौन उत्पीडन, शोषण र दुर्व्यवहार नभए पनि यसले कार्यस्थलमा प्रतिकूल वातावरण सिर्जना हुन सक्छ। यस्तो अवस्थामा कुनै गतिविधि तपाईलाई आपत्तिजनक नलागे पनि सो गतिविधि अरू कसैका लागि आपत्तिजनक हुन सक्छ भन्ने सम्झनु पर्दछ। सबै व्यक्तिले कार्यस्थलको वातावरण र व्यवहार बारे समान धारणा नराख्न सक्छन्। कार्यस्थलमा अरूको धारणा प्रति सजग र संवेदनशील हुन जरुरी छ।



# निष्कर्ष

यस सत्रमा, तपाईंले रिपोर्ट कसरी गर्ने, रिपोर्ट गरेपछि के हुन्छ, यस सम्बन्धी हाम्रो नीति के कस्ता छन् र अन्य प्रायः सोधिने प्रश्न र उत्तरहरूको चर्चा र समीक्षा गर्नुभयो।



# बधाई छ!

**तपाईले CARE को यौन उत्पीडन, शोषण र दुर्व्यवहार रोकथाम सम्बन्धी प्रशिक्षणको सबै सत्र पूरा गर्नुभएको छ। हामीलाई आशा छ यस सामग्रीले तपाईलाई नयाँ जानकारी प्रदान गर्न, आशंकाहरुको समाधान गर्नका साथै CARE मा सुरक्षित र सम्मानजनक वातावरण सिर्जना गर्न सक्षम बनाउन मद्दत गरेको छ ।**

तपाईको नाम यहाँ लेख्नुहोस् वा टाईप गर्नुहोस् [ ]

**सतर्क र सचेत रहनुहोस् र केहि देख्नुहुन्छ भने,**
**केहि अवश्य भन्नुहोस्!**